का.जि.प्र.का.द.नं. १००/०५९/६०

८ चैत २०८०,
बिहीबार
21 March 2024,
Thursday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नुस्

वर्ष २२, अंक ३७ । पृष्ठ १६ | Madhyanha National Daily | www.madhyanhadaily.com



# राप्रपालाई लगातार लाभ

## लिङ्देनको निर्णयमा भर पर्नेछ सुदूरपश्चिम र गण्डकी सरकारको भविष्य

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ७ चैत ।

सुदूरपश्चिम प्रदेशको सरकारमा सहभागी हुने कि नहुने भन्ने विषयमा निर्णय गर्न बुधबार बसेको राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को सुदूरपश्चिम प्रदेश कार्य सम्पादन समितिको बैठक कुनै निष्कर्षमा पुग्न सकेन ।

राप्रपा प्रदेश सचिव छत्रबहादुर शाहीका अनुसार सरकारलाई समर्थन गर्नुपर्ने र गर्न नहुने मतमा नेताहरु विभाजित भएपछि बैठक निर्णयमा पुग्न नसकेको हो । केन्द्रमा सत्ता समीकरण फेरिएपछि अल्पमतमा परेको सुदूरपश्चिमका मुख्यमन्त्री कमलबहादुर शाहले राप्रपाको साथ खोजेका छन् ।

बहुमत पुऱ्याउन नागरिक उन्मुक्ति पार्टीका पाँच जनालाई मन्त्री बनाएका शाह नेतृत्वको सरकार राप्रपाले समर्थन नगरे अल्पमतमा पर्नेछ । राप्रपाले नेकपा एमाले-माओवादी केन्द्रको समीकरणलाई साथ दिए अर्को सरकार बन्छ । राप्रपाले कतै साथ नदिए वर्तमान सरकारले विश्वासको मत पाउन नसक्ने र वैकल्पिक सरकार बन्न नसक्ने अवस्था छ । ५३ सदस्यीय सभामा सरकार बनाउन २७ आवश्यक पर्छ । माओवादीका ११ र एमालेका १० सांसद छन् । एकीकृत समाजवादीका चार जना सांसद छन् ।

यो प्रदेशमा माओवादी, एमाले र एकीकृत समाजवादी मिल्दा समेत नयाँ सरकार बन्दैन । नयाँ सरकार बनाउन नाउपाको समर्थन अनिवार्य छ । तर नाउपा कांग्रेस नेतृत्वको सरकारमा सहभागी भइसकेको छ ।

> सत्ता समीकरणमा विपक्षी बेञ्च रोजेको राप्रपाको समर्थन नपाए कांग्रेस नेतृत्वमा रहेका दुई प्रदेश सरकारले विश्वासको मत पाउन नसक्ने र वैकल्पिक सरकार समेत बन्न नसक्ने देखिन्छ । यसले राप्रपालाई खुसी पार्नु प्रमुख दलहरुको बाध्यता रहेको प्रष्ट हुन्छ भने राप्रपाले लाभको यात्रालाई निरन्तरता दिनेछ ।

कांग्रेससँग १९ सांसद छन् । राप्रपाका एक जना सांसद छन् भने एक जना स्वतन्त्र सांसद छन् ।

गण्डकी प्रदेशको अवस्था पनि सुदूरपश्चिमसँग मिल्दोजुल्दो छ । गण्डकीमा पनि कांग्रेसकै सुरेन्द्रराज पाण्डेको नेतृत्वमा सरकार छ । ८७ सदस्यीय लुम्बिनीमा सरकार बनाउन ४४ सांसद आवश्यक पर्छ ।

नयाँ गठबन्धनका दलहरु एमालेका २९, माओवादीका ९ र जसपाका ३ सांसद छन् । यी तीन दलसँग जम्मा ४१ सांसद छन् । माओवादीका एक सांसद नेपाल समाजवादी पार्टीबाट संयुक्त चुनाव चिन्हमा लडेका हुन् । ती सांसदले नयाँ गठबन्धनलाई साथ नदिँदा सांसदको संख्या ४० मा झर्छ ।

नयाँ गठबन्धनलाई सरकार बनाउन थप चार सांसद आवश्यक पर्छ । एकीकृत समाजवादीमा रहेका दिपक मनाङेले पार्टी छाडेर वर्तमान सरकारमा मन्त्री पद लिइसकेका छन् । यो प्रदेशमा राष्ट्रिय जनमोर्चाका पनि एक जना सांसद छन् । एक सांसद रहेको दलले समर्थन गर्दा पनि नयाँ गठबन्धनले सरकार बनाउन सक्दैन ।

यो प्रदेशमा नयाँ सरकार बनाउन नाउपा, लोसपा, जनमत वा स्वतन्त्र सांसदको समर्थन अनिवार्य चाहिन्छ । नाउपाका ४, लोसपाका ३, जनमत पार्टीका ३ सांसद र स्वतन्त्र सांसद तीन जना छन् ।

कांग्रेसका २७ र राप्रपाका ४ सांसद छन् । साना दलहरु नयाँ गठबन्धनसँग नजिकिएका छैनन् । राप्रपाले कुनै निर्णय दिएको छैन । राप्रपाले नयाँ गठबन्धनलाई साथ दिए एमाले-माओवादीको नयाँ सरकार बन्न सक्छ । अर्थात, वर्तमान सरकार निरन्तर हुन वा नयाँ सरकार बन्न दुवैका राप्रपाको निर्णय निर्णायक देखिन्छ । राप्रपाले कतै साथ नदिए वर्तमान कांग्रेस नेतृत्वको सरकारले कम्तीमा दुई प्रदेशमा वर्तमान सरकारले विश्वासको मत पाउन नसक्ने र वैकल्पिक सरकार बन्न नसक्ने अवस्था छ । यो अवस्थामा थप लाभ लिन सक्छ ।

संसदीय अंकगणितका आधारमा यसअघि पनि राप्रपाले लाभ लिँदै आएको छ । कोशीमा सभामुख, बागमति सभामुख, लुम्बिनीमा उपसभामुख लिएको राप्रपाले संघीय संसदमा प्रतिनिधि सभाको एउटा विषयगत समितिको सभापति पद पाएको छ । कांग्रेस नेतृत्व वा एमाले-माओवादी गठबन्धनलाई प्रदेश सरकार बनाउन सघाउँदा राप्रपाले थप लाभ पाउने अवस्था बनेको नेताहरु बताउँछन् ।

## बाँसबारी जग्गा हिनामिना प्रकरण

# विनोद चौधरीतर्फ सोझियो अनुसन्धान

**शिव विक/मध्यान्ह**
काठमाडौं, ७ चैत ।

बाँसबारी छाला जुत्ता कारखानाको जग्गा हिनामिना प्रकरणमाथिको अनुसन्धान विनोद चौधरीतर्फ सोझिएको छ । नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआईबी) ले बुधबार सभामुख देवराज घिमिरेलाई पत्र नै लेखेर प्रतिनिधि सदस्य समेत रहेका चौधरीमाथि अनुसन्धान गरिरहेको जानकारी गराएको छ । विनोद चौधरीका भाइ वसन्त चौधरीको बयान लिएको छ ।

यसअघि गत माघ १८ गते सीआईबीले बाँसबारी छालाजुत्ता प्रकरणको अनुसन्धानका लागि सीजी चाँदबाग रेसिडेन्सीका अध्यक्ष सञ्जय ठाकुर, सञ्चालक अरुण चौधरी र बाँसबारी छालाजुत्ता कारखानाका तत्कालिन कार्यकारी प्रमुख अजितनारायण सिंह थापालाई पक्राउ गरेको थियो । उनीहरु अदालतको आदेशमा २४ माघमा रिहा भएका थिए ।

तर अदालतको आदेशमा थुनामुक्त भएपछि यो प्रकरणमाथिको अनुसन्धान के हुने भन्ने चासोकाबीच सीआईबी अनुसधान अघि बढाएको हो । सभामुखलाई समेत सीआईबीले अनुसन्धान गरिरहेको जानकारी गराए सँगै बाँसबारी जग्गा हिनामिना प्रकरणमाथिको अनुसन्धान विनोद चौधरीतर्फ सोझिएको प्रष्ट हुने सरोकारवालाहरु बताउँछन् ।

> सीआईबीले सभामुखलाई पत्र नै लेखेर अनुसन्धान गरिरहेको जानकारी गराएको छ भने भाइ वसन्त चौधरीको बयान लिएको छ । अर्का भाइ अरुण चौधरी यसअघि पक्राउ परेर अदालतको आदेशमा थुनामुक्त भएका थिए ।

सीआइबीले सभामुखलाई पठाएको पत्रमा ‘ बाँसबारी छाला जुत्ता कारखाना लि।को नाममा दर्ता कायम रहेको दस रोपनी जग्गा गैरकानुनी तवरबाट च्याम्पियन फुटवेयर लिमिटेडको नाममा स्वामित्व हस्तान्तरण गरेको उल्लेख छ । त्यसक्रममा सरकारी जग्गा किर्ते गरी ठगी गरेको मुद्दामा च्याम्पियन फुटवेयर लिमिटेडका संस्थापक शेयर धनी तथा तत्कालिन संचालक समितिका सदस्य विनोद कुमार चौधरीका सम्बन्धमा अनुसन्धान भइरहेको ब्यूरोले पत्रमा उल्लेख गरेको छ ।



अनुसन्धान अधिकृतहरुका अनुसार बाँसबारी छालाजुत्ता कारखाना घाटामा गएको भन्दै त्यसको केही जग्गा तत्कालीन च्याम्पियन फुटवेयर कम्पनीलाई बिक्री गरिएको थियो । पछि उक्त कम्पनी बन्द भएपछि जग्गा सीजी चाँदबाग रेजिडेन्सीको नाममा आएको थियो । च्याम्पियन फुटवेयरमा सांसद विनोद चौधरीको सेयर रहेको आधारमा सीआईबीले उनीमाथि अनुसन्धान गरिरहेको छ । किर्ते गरी सरकारी जग्गा हिनामिना गरेको कसुरमा भइरहेको अनुसन्धानलाई थप गति दिने प्रहरीको तयारी छ ।

सीआईबीले बाँसवारी छालाजुत्ता कारखानाको नाममा धरान, चितवन र सर्लाहीमा रहेको जमिन पनि हिनामिना भएको हुनसक्ने आशंका गरेको छ । सरकारी निर्णयविनै तत्कालीन कार्यकारी निर्देशक अजितनारायण सिंह थापाले बाँसबारी छालाजुत्ताकै नाममा छाला संकलनका लागि अधिग्रहण गरेको अन्य चार स्थानको जग्गा बिक्री गरेको »» पृष्ठ २ मा

## प्रि–बजेट छलफल

# घाटा बजेटले थिचिएको अर्थतन्त्र

**मनीषा अवस्थी/मध्यान्ह**
काठमाडौं, ७ चैत ।

यतिबेला संघीय संसदमा प्रि-बजेट छलफल चलिरहेको छ । अर्थात् आगामी आर्थिक वर्ष २०८१/०८२ को वार्षिक बजेट निर्माणका लागि आवश्यक तयारी भइरहेको छ ।

नेपालको पछिल्लो संबिधान २०७२ ले प्रदत्त गरेका अधिकारअनुसार बजेट निर्माणका निश्चित प्रक्रियाहरूमा लगभग बर्षैभर काम चलिरहन्छ । तर बजेटको खर्च प्रक्रिया भने चालू तथा दैनिक प्रशासनिक खर्च सिमित भइरहेको छ ।

सरकारले हरेक वर्ष ल्याउने गरेको घाटा बजेटले ऋणको भार मात्रै बढिरहेकोतर्फ सरोकारवालाको चिन्ता छ । सरकारले चालू आर्थिक वर्षको वार्षिक बजेटको आकार १७ खर्ब ५१ अर्ब ३१ करोड बराबरको छ ।

यसमध्ये १७.२५ प्रतिशत अर्थात् ३ खर्ब २ अर्ब ७ करोड रूपैयाँ विकास खर्चका लागि विनियोजन गरिएको छ । उक्त बजेटको स्रोतका लागि १२ खर्ब ४८ अर्ब ६२ करोड रूपैयाँ आन्तरिक स्रोत अर्थात् राजश्वबाट, ४९ अर्ब ९४ करोड रूपैयाँ अनुदानबाट परिचालन गर्ने भनेको छ भने बाँकी बजेट घाटामा छ । घाटा बजेट परिपूर्तिका लागि ४ खर्ब ५२ अर्ब ७५ करोड रूपैयाँ आन्तरिक र बाह्य ऋण लिने भनिएको छ ।

२०७० सालसम्म पनि नेपालको ऋण तथ्यांकमा वार्षिक थोरै मात्रै लिइएको ऋण सोही वर्ष तिरिएको देखिन्छ । तर पछिल्ला वर्षहरूमा विकासका नाममा हरेक वर्ष ऋण लिए पनि ब्याज मात्रै अत्यधिक तिर्नुपर्दा सावाँ खप्टिँदै गएको छ । विश्व आर्थिक परिवेशअनुसार सन् १९३० को विश्व आर्थिक मन्दीपश्चात मानिसका असिमित आवश्यकता परिपूर्ति गर्न घाटा बजेटको सिद्वान्त अघि सारिएको हो ।

सोही सैद्वान्तिक मान्यताअनुसार कुल गार्हस्थ उत्पादन (जिडिपी)को ५ प्रतिशतसम्म बजेट घाटालाई ठिकै मानिन्छ । तर हरेक वर्ष विकास र खर्च र चालू खर्चको केही अंशका लागि ऋण लिने गरी घाटा बजेट ल्याउने र ऋण लिएर साँवा ब्याज तिर्नुपर्दा वर्षेनी ऋण खप्टिदै गएको छ । बजेट कार्यान्वयन नहुने परिवेशमा हरेक वर्षको घाटा बजेटले ऋण मात्रै बढिरहेकोतर्फ अर्थशास्त्रीहरूको चिन्ता छ ।

**ऋण लिएर ऋण तिर्नुपर्ने बाध्यता !**

चालू आर्थिक वर्षको साढे आठ महिना बितिसक्दा सरकारले लक्ष्यको ४५ प्रतिशत राजश्व मात्रै संकलन गर्न सकेको छ । चैत ६ गतेसम्मको तथ्यांकअनुसार १४ खर्ब २२ अर्ब ५४ करोड राजश्वको लक्ष्य रहेकोमा ६ खर्ब ५० अर्ब २६ करोड रूपैयाँ मात्रै राजश्व संकलन गरेको छ ।

यो अवधिमा ८ खर्ब २१ अर्ब ८३ करोड रूपैयाँ खर्च भइसकेको छ । यसमध्ये ८५ अर्ब ४१ करोड रूपैयाँ मात्रै विकास खर्च भएको छ । यसबाहेक यसबाहेक चालू आर्थिक वर्षमा सरकारले ऋण तिर्नमात्र सवा १ खर्ब रूपैयाँ खर्च गरेको छ ।

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांअनुसार फागुन मसान्तसम्ममा २ खर्ब १८ »» पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# श्रममन्त्रीसँग म्यानपावर र ओरिएन्टेशन व्यवसायीहरुले के–के भने ?

**मध्यान्ह संवाददाता**
काठमाडौं, ७ चैत

नेपाल वैदेशिक रोजगार व्यवसायी संघले वैदेशिक रोजगारमा कामदार पठाउने निजी क्षेत्रका व्यवसायीको अधिकार संकुचित हुने कुनैपनि कदम नचाल्न आग्रह गरेको छ । नवनियुक्त श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोल प्रसाद अर्याललाई बधाई तथा सफल कार्यकालको शुभकामना व्यक्त गर्ने क्रममा संघले उक्त आग्रह गरेको हो ।

नवनियुक्त मन्त्री अर्याललाई बधाई ज्ञापन गर्न बुधबार संघका अध्यक्ष राजेन्द्र भण्डारीको नेतृत्वमा संघ कार्यसमिति, सल्लाहकारहरु, शुभेच्छुक घटक संघ संस्थाका अध्यक्षहरुसहित वैदेशिक रोजगार व्यवसायीको एक प्रतिनिधिमण्डल मन्त्रालय पुगेको थियो । मन्त्रालयको सभाहलमा भएको कार्यक्रममा वैदेशिक रोजगार क्षेत्रमा देखिएका तत्काल सम्बोधन गरिनुपर्ने समस्याका सन्दर्भमा संघका अध्यक्ष भण्डारीले मन्त्री अर्यालको ध्यानाकर्षण गरेको महासचिव मेघनाथ भुर्तेलले जानकारी दिए ।

मन्त्री अर्यालले मंगलबार मन्त्रालयमा आयोजित कार्यक्रममा दक्षिण कोरियाको ई-७ भिसासहित जापान र इजरायलमा म्यानपावर कम्पनीले कामदार पठाउन खुला गरिएको भन्ने समाचार निराधार रहेको बताएका थिए । महासचिव भुर्तेलले यी विषयका अतिरिक्त वैदेशिक रोजगारका क्षेत्रमा रहेका सबै समस्याहरूका विषयमा मन्त्री अर्याललाई जानकारी गराइएको बताए ।

जवाफमा मन्त्री अर्यालले पेशा व्यवसाय निजी क्षेत्रले गर्ने र यसको सुपरिवेक्षण तथा अनुगमन सरकारले गर्ने भन्दै वैदेशिक »» पृष्ठ २ मा

## आठ महिनामा १६ सय बढीले लिए टेलिमेडिसिन सेवा

**काठमाडौं/मस–** श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री डोलप्रसाद अर्यालले वैदेशिक रोजगार बोर्डले श्रमिकहरुका लागि सञ्चालन गर्दै आएको टेलिमेडिसिन सेवाको अवलोकन गरेका छन् । मन्त्री अर्यालको निजी सचिवालयका अनुसार बुधबार वीर अस्पताल पुगेर मन्त्री अर्यालले टेलिमेडिसिन सेवाको विषयमा जानकारी लिएका हुन् ।

वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकमा स्वास्थ्य समस्या बढ्दै गएपछि श्रम मन्त्रालयले बोर्डको आर्थिक सहयोगमा २०७९ चैत १० गतेदेखि उक्त सेवा सञ्चालनमा ल्याएको हो । हालसम्म १८ वटा मुलुकबाट वैदेशिक रोजगारमा रहेका श्रमिकले फेसबुक, ह्वाट्सएप, भाइबर, ईमोलगायतका सामाजिक सञ्जालमार्फत स्वास्थ्य समस्या राख्ने गरेका छन् । अस्पतालले विभिन्न ११ प्रकारका स्वास्थ्य सेवा उपलब्ध गराएको बताइएको छ ।

वीर अस्पतालले बिहान १० बजेदेखि बेलुका ६ बजेसम्म सञ्चालन गर्दै आएको टेलिमेडिसिन सेवाका लागि मेडिकल अधिकृत र हेल्थ असिस्टेन्ट नियमित खटाएको छ । प्रत्येक साताको शुक्रबार र आइतबार श्रमिकको स्वास्थ्य समस्याको आधारमा विशेषज्ञ चिकित्सकसमेत उपलब्ध गराइने गरेको बोर्डले बताएको छ । हाल दैनिक २५ देखि ३० जना श्रमिकले टेलिमेडिसिन सेवा लिइरहेको बताइएको छ । »» पृष्ठ २ मा

## पाँचथरकी झरनाले गरिन् पोर्चुगलमा आत्महत्या

**भरत प्रधान/मध्यान्ह**
लिस्बन, ७ चैत

वैदेशिक रोजगारीको सिलसिलामा पोर्चुगल आएकी एक नेपाली महिलाले झुण्डिएर आत्महत्या गरेकी छिन् । पोर्चुगलको मदेइरा बस्दै आएकी पाँचथर फाल्गुनन्द गाँउपालिका-५ की २७ वर्षीया झरना चेम्जोङले झुण्डिएर आत्महत्या गरेकी हुन् ।

चेम्जोङले गत शनिबार बेलुका आफू बस्ने कोठाको डबलडेकर बेडमा सलको पासो लगाइ झुण्डिएर आत्महत्या गरेको गैरआवासीय नेपाली संघ पोर्चुगलका पूर्वमहासचिव निराजन सुवेदीले जानकारी दिए । »» पृष्ठ २ मा

# एसईई परीक्षाको सम्पूर्ण तयारी पूरा

**भक्तपुर/मस–** राष्ट्रिय परीक्षा बोर्डले यही चैत्र १५ गतेदेखि सञ्चालन हुने माध्यमिक शिक्षा परीक्षा (एसईई) को सम्पूर्ण तयारी पूरा भएको जनाएको छ। यसवर्षको एसईई परीक्षाका लागि देशभर दुई हजार ५७ परीक्षा केन्द्र निर्धारण गरिएको छ।

चैत १५ गतेदेखि शुरु भइ २७ गतेसम्पन्न हुने परीक्षाका लागि बोर्डले उक्त संख्यामा परीक्षा केन्द्र निर्धारण गरेको बोर्डका अध्यक्ष डा.महाश्रम शर्माले जानकारी दिए। उनका अनुसार यसवर्ष देशभरबाट करिब पाँच लाख विद्यार्थी एसईई परीक्षामा सहभागी हुनेछन्। यसवर्ष पनि जापानमा एउटा परीक्षा केन्द्र निर्धारण गरिएको उनले जानकारी दिए।

परीक्षाका लागि बोर्डले पाँच लाख प्रश्नपत्र छापिसकेको परीक्षा नियन्त्रण कार्यालय कक्षा १० का परीक्षा नियन्त्रक नन्दलाल पौडेलले जानकारी दिए। पाँच लाख चार हजार ४१४ जनाले परीक्षाको फाराम भरे पनि परीक्षामा केही विद्यार्थीको संख्या घट्न सक्ने उनले बताए।

पौडेलले परीक्षाका लागि आवश्यक पर्ने प्रश्नपत्र बोर्डले देशभरका ७६ जिल्लाका प्रहरी कार्यालयमा पठाइसकेको बताउँदै काठमाडौं जिल्लामा परीक्षाको अघिल्लो दिन मात्रै पठाइने जानकारी दिए। 'प्रत्येक विषयको परीक्षाका दिन परीक्षा शुरु हुनु केही समय अगाडि मात्रै प्रहरी सुरक्षाका साथ सम्बन्धित परीक्षा केन्द्रमा प्रश्न पत्र पठाइनेछ', उनले भने।



परीक्षाका लागि आवश्यक पर्ने उत्तर पुस्तिका एवम् अन्य सामग्री कार्यालयले सातै प्रदेशमा पठाएको जानकारी दिँदै परीक्षा नियन्त्रक पौडेलले प्रदेश र जिल्लाले गर्ने तयारी पनि भइरहेको बताए। उनका अनुसार आवश्यक बजेट सातवटै प्रदेश सरकारअन्तर्गत सामाजिक सुरक्षा मन्त्रालयले व्यवस्थापन गर्नेछ।

नेपाल बाहिर जापानमा बसेका नेपाली विद्यार्थीले यसवर्ष पनि जापानबाटै परीक्षा दिन पाउने भएका छन्। बोर्डले यसवर्षको परीक्षाका लागि एक परीक्षा केन्द्र निर्धारण गरेको छ। जापानबाट २३ जना विद्यार्थीले एसईई दिने परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए।

प्रत्येक परीक्षा केन्द्रमा केन्द्राध्यक्ष र सहायक केन्द्राध्यक्ष एक/एक, तीन सय विद्यार्थी रहेको केन्द्रमा दुई सहायक केन्द्राध्यक्ष, दुई विद्यार्थी बराबर एक निरीक्षक, एक सय ५० देखि दुई सय सम्म परीक्षार्थी भएकोमा एक सहयोगी र त्योभन्दा बढी परीक्षार्थी रहेको केन्द्रमा दुई सहयोगी खटाइने उनको भनाइ छ।

परीक्षा केन्द्रको आवश्यकताअनुसार सुरक्षाकर्मी परिचालन गरिने र सुरक्षाकर्मीदेखि कर्मचारी परिचालनका लागि प्रत्येक जिल्लाको प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला परीक्षा समन्वय समितिले गर्ने व्यवस्था गरिएको परीक्षा बोर्डले जनाएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मन्त्रीस्तरीय निर्णयबाट विसं २०७८ पुस ७ गते 'लेटर ग्रेडिङ निर्देशिका, २०७८' जारी गरेको थियो। यसवर्षको परीक्षामा बोर्डले 'लेटर ग्रेडिङ निर्देशिका, २०७८' लागू गरेको जनाएको छ।

विगतमा सैद्धान्तिक र प्रयोगात्मक दुवै जोडेर ३५ प्रतिशत ल्याउनुपर्ने व्यवस्था रहेकामा यसवर्ष निर्देशिका कार्यान्वयनमा आएपछि पहिलो पटक बोर्डले एसईई परीक्षाको नतिजामा विद्यार्थीले सैद्धान्तिकमा ३५ र प्रयोगात्मकमा ४० अंक ल्याउनुपर्ने व्यवस्था गरेको परीक्षा नियन्त्रक पौडेलले जानकारी दिए।

परीक्षार्थी कम्तीमा सैद्धान्तिक विषयमा ३५ र प्रयोगात्मकमा ४० अंक ल्याउनुपर्ने भन्दै एक सय पूर्णाङ्क रहेको विषयमा ३५ अंक र ७५ पूर्णांक रहेको विषयमा २७ अंक ल्याउनुपर्ने उनले बताए। परीक्षा नियन्त्रक पौडेलका अनुसार ३५ प्रतिशतभन्दा कम अंक ल्याएमा कक्षा ११ मा भर्ना हुन नपाउने र पुनःमौका परीक्षामा सहभागी हुनुपर्नेछ। ३५ अंक ल्याउन नसक्ने विद्यार्थीले पहिलो वर्ष दुई विषयको मौका परीक्षा दिन पाउने व्यवस्था गरिएको उनले जानकारी दिए। उनका अनुसार विद्यार्थीले तीन पटकसम्म दुई विषयमा ग्रेड वृद्धि परीक्षामा सहभागी हुन पाउने छन्।

# बालिका सशक्त परियोजनाले मुकेशलाई बनायो जिम्मेवार बुबा

**सन्तोष पौडेल/मध्यान्ह**
बर्दिया, ७ चैत

बर्दियाको बारबर्दिया नगरपालिका वडा नम्बर ५ बनघुस्री गाउँका मुकेश थारुले आफ्नो २ वर्षीय छोरालाई हुर्काउन निकै समय दिने गरेको अनुभव सुनाए। बच्चालाई आवश्यक खानेकुरा उनी घरमा तयार गरेर खान दिन्छन्। उनी भन्छन्, 'बाहिरको खाना बच्चालाई दिन हुन्न भन्ने कुराको ज्ञान मलाई त्यति बेला भो जब परियोजनाको सहयोगमा निर्माण गरेको समुहमा गएर बुझ्न थालें।' घरमा छोराछोरीलाई हुर्काउन श्रीमति वा महिलाको मात्र भूमिका हुन्छ भन्ने सोचको विरोधी रहेका मुकेश आफनो भूमिका आफैं बुझ्केका छन्।

मुकेशले यसको श्रेय दिन्छन्, 'बालिका सशक्त परियोजना' लाई। प्लान इन्टरनेशनल नेपाल र राधाकृष्ण थारु जनसेवा केन्द्रद्वारा सञ्चालित बालिका सशक्त परियोजना गाउँमै पुगेपछि बालबालिकाको शारीरिक, मानसिक विकाससँग लक्षित कार्यक्रममा श्रीमतिसँगै सहभागी भएका मुकेश बच्चालाई हुर्काउन उसको आमा मात्र नभइ बाबाको पनि उत्तिकै जिम्मेवारी हुने गरेको कुरा थाहा पाएका हुन्।



छोरालाई सानैदेखि स्याहार सुसारमा आफु नजिकदेखि लागेको उनी सुनाउँछन्। उनी खुशी हुँदै हसिलो मुद्रामा भने, 'बच्चालाई कसरी सर्वाङ्गिर्ण विकास गर्न सकिन्छ भन्ने सबैथोक थाहा पाएँ। गाउँमा गर्भवति महिलालाई घरदेखि अस्पतालमा बच्चा नजन्मदा सम्मका सबै प्रकारका चेकजाँच लगायत विषयमा समेत मैले जानकारी पाएको छु।' उनले स्वास्थ्य चेकजाँच, पोषिलो खानपिन, सरसफाइबारे सचेतना फैलाउने कार्य घरदेखि समाजका अन्य साथीभाइलाई समेत गरेका छन्।

जसका कारण गाउँले आफुलाई सकारात्मक दृष्टिले समेत हेर्ने गरेको उनी बताउँछन्। मुकेशलाई प्रारम्भिक बाल विकासबारे धेरै जानकारी भएको बताए। बालबालिकाको सामुन्नेमा कुन शब्दको प्रयोग गर्नेदेखि लिएर अन्य मानिससँग कस्तो व्यवहार गर्न लगाउने सम्मको सबै कुरा छोरालाई बुझाउने गरेको उनले बताए।

एक गैरसरकारी संस्थामा समेत आबद्धता जनाउने २९ वर्षीय मुकेश, श्रीमती अन्य काममा व्यस्त रहँदा छोराको दिसा सफा गर्ने, लुगा फेर्ने, नुहाई दिने लगायतको काम मैले आफै गर्ने गरेको अनुभव सुनाए।

मुकेशका अनुसार परियोजनाले आफुलाई थप जिम्मेवार बुबा बनाएको बताउँछन्। उनले भने, 'बालबालिकालाई असल स्याहार र पोषणमा कसरी ध्यान दिने विषयमा जानकारी पाएँ। सिकेको कुराहरु व्यवहारमा लागु गर्दै छु।'

### विनोद...

हुनसक्ने आशंका प्रहरीको छ। यसअघि, सीआईबीले बाँसबारीमा रहेको सरकारी जग्गा हड्पिएको बारे डिल्लीबजार मालपोत कार्यालयलाई पनि लिखित जानकारी गराएको थियो। सरकारको निर्णयविनै १० रोपनीमा चाँदबाग रेसिडेन्सीको नाममा व्यक्तिगत बनाएको भन्दै सीआईबीले जफतका लागि जानकारीसहित पत्राचार गरेको हो। विनोद चौधरीमाथि २०४३ सालमा स्थापित च्याम्पियन फुटवेयरको नाममा सरकारी स्वामित्वको जमिन २०५१ सालका व्यक्तिको बनाएको आरोप छ। त्यही जमिनमा अहिले चौधरी समूहकै चाँदबाग स्कुल सञ्चालन हुँदै आएको छ।

### प्रि-बजेट...

अर्ब ८६ करोड रूपैयाँ ऋण लिइसके को १ खर्ब २६ अर्ब ३ करोड आन्तरिक तथा ऋण रकमको साँवा भुक्तानीमा खर्च भएको छ। यसको विकासको नाममा लिइएको ऋण ऋण तिर्नमै खर्च भएको छ। जसले गर्दा विकास निर्माण ठप्प प्राय छ।

**बढ्दो ऋण, ब्याज तिर्नै सकस**

सार्वजनिक ऋण व्यवस्थापन कार्यालयको तथ्यांअनुसार सरकारले वर्षेनी ठूलो रकम ब्याज भुक्तानी गर्नुपरेको छ। तथ्यांकअनुसार चालू आर्थिक वर्षको फागुन महिनासम्ममा नेपालको कूल ऋण दायित्व २३ खर्ब ८८ अर्ब २६ करोड पुगेको छ। यसमध्ये आन्तरिक ऋण ११ खर्ब ८५ अर्ब ५२ करोड छ भने १२ खर्ब २ अर्ब ७३ करोड वैदेशिक ऋण छ। नेपालमा कुल गार्हस्थ उत्पादन (जीडीपी) को तुलनामा ४४ प्रतिशत हाराहारी सार्वजनिक ऋण पुगिसकेको यो तथ्यांकले देखाउँछ। चालू आर्थिक वर्षको ८ महिनामा मात्रै सरकारले आन्तरिक र बाह्य गरी १ खर्ब ७५ अर्ब ५० करोड भुक्तानी गरिसकेको छ। यसमध्ये ४९ अर्ब ४६ करोड रूपैयाँ ब्याज मात्रै भुक्तानी भएको हो। गत आर्थिक वर्ष २०७९/८० मा सरकारले ७२ अर्ब ९९ करोड रूपैयाँ ब्याजबापत बुझाएको छ। सो आर्थिक वर्षमा सरकारले १ खर्ब ३४९ अर्ब ७३ करोड रूपैयाँ सावा बापत भुक्तानी गरेको छ। अघिल्लो आर्थिक वर्ष २०७८/०७९को तथ्यांअनुसार ४५ अर्ब १२ करोड ब्याज भुक्तानी भएको छ भने ७६ अर्ब ७४ करोड रूपैयाँ साँवा तिरिएको छ। आर्थिक वर्ष २०७७/०७८ मा सरकारको ऋण भुक्तानीको तथ्यांक हेर्दा कूल ९५ अर्ब १ करोड मध्ये ३४ अर्ब ६३ करोड रुपैयाँ ब्याज मात्रै तिरेको छ। सो आर्थिक वर्षमा कूल भुक्तानीको ३६.४४ प्रतिशत रकम ब्याज मात्रै हुन आउँछ। यसअघि अघि आर्थिक वर्ष २०७१/०७२ को मात्रै तथ्यांक हेर्दा नेपालले भुक्तानी गरेको कूल रकमको १२ दशमलव ५९ प्रतिशत मात्रै ब्याज थियो। अर्थात् सो आर्थिक वर्षमा भुक्तानी गरेको ७३ अर्ब ७६ करोडमध्ये ९ अर्ब २९ करोड मात्रै ब्याज थियो। सो आर्थिक वर्षमा नेपालको कूल सार्वजनिक ऋण ५ खर्ब ४५ अर्ब मात्रै थियो। तर, सरकारले हरेक वर्ष घाटा बजेट बनाउने र पूर्ति गर्न सार्वजनिक ऋण लिने प्रवृत्तिका कारण ऋणको भार थपिइरहेको छ।

### श्रममन्त्रीसँग...

रोजगार क्षेत्रमा रहेका समस्या समाधानका लागि संघसँग सहकार्य गरी मन्त्रालय अगाडि बढ्ने र मन्त्रालयले गर्ने नीतिगत निर्णयहरुमा सरोकारवालासँग समन्वय गर्ने आश्वासन दिएको पनि महासचिव भुर्तेलले बताए।

जापान, कोरिया र इजरायलका सम्बन्धमा नेपाल सरकारले सरकारीस्तरमा नेपाली कामदार पठाउने निर्णय गरी सम्झौता र समझदारी गरेकाले त्यसलाई कार्यान्वयनमा नलगी परिवर्तन गर्ने प्रवृत्तिले अन्तर्राष्ट्रिय स्तरमा नेपालको छविमा नै प्रश्न उठ्ने भन्दै मन्त्री अर्यालले सरकारले नै कामदार पठाउन उचित हुने धारणा राखेका थिए। मंगलबार मन्त्री अर्यालले मन्त्रालयले विज्ञसहितको कार्यदलले अध्ययन गरिरहेकाले उक्त कार्यदलको प्रतिवेदनपछि धेरै विषयमा पुनर्विचार गरिने बताएका थिए।

त्यसैगरी मन्त्री अर्याललाई नेपाल वैदेशिक रोजगार अभिमुखीकरण व्यवसायी महासंघले पनि भेट गरी बधाई तथा शुभकामना दिएको छ। महासंघका अध्यक्ष राजाराम गौतमले श्रमिकका लागि अनिवार्य गरिएको पूर्वप्रस्थान अभिमुखीकरण तालिमको शुल्कका विषयमा मन्त्री अर्यालका तर्फबाट मंगलबार सार्वजनिक धारणाबारे महासघंको भनाइ राखेका थिए। जवाफमा मन्त्री अर्यालले मन्त्रालयले त्यस विषयमा पनि मन्त्रालयले अध्ययन गरिरहेकाले प्रतिवेदन आइ अर्को निर्देशन नहुँदासम्मका लागि अभिमुखीकरण तालिमको शुल्क ७ सय नै तोकिएको, तर बढ्ने शुल्कअनुसार वैदेशिक रोजगारमा जाने कामदार अभिमुखीकरण तालिमबाट लाभान्वित हुने सुनिश्चितता भए शुल्क बढाउने विषयमा मन्त्रालयलाई आपत्ति नरहेको बताएको अध्यक्ष गौतमले जानकारी दिए।

### आठ...

चालु आर्थिक वर्षको फागुन महिनासम्ममा एक हजार ६३२ जना श्रमिकले टेलिमेडिसिन सेवा लिएको जानकारी मन्त्री अर्याललाई दिइएको छ। मलेसियामा रहेका नेपालीले बढी मात्रामा टेलिमेडिसिन सेवा लिने गरेका छन्। मलेसियाबाट ३९४ जना, साउदी अरबबाट ३१० जना, यूएईबाट १९२ जना, कतारबाट १७५ जना, कुवेतबाट १७१ जना, दक्षिण कोरियाबाट १५७ जना, ओमानबाट ५७ जना, साइप्रसबाट ५३ जना, जापानबाट ४० जना, रोमानियाबाट ३५ जना, बहराइनबाट १२ जना, जाम्बियाबाट १० जना, जर्मनीबाट ९ जना, माल्दिभ्सबाट ७ जना, इराकबाट ४ जना, माल्टाबाट ३ जना, युकेबाट १० र अफ्रिकाबाट एक जनाले टेलिमेडिसिन सेवा लिएका छन्।

टेलिमेडिसिन सेवामार्फत ४ सय जना श्रमिकलाई स्वास्थ्य तथा औषधिसम्बन्धी परामर्श उपलब्ध गराइएको बताइएको छ। टेलिमेडिसिन सेवासम्बन्धी जानकारी लिँदै मन्त्री अर्यालले यो सेवालाई अझै चुस्त तथा प्रभावकारी बनाइने बताएको पनि मन्त्री अर्यालको निजी सचिवालयले जनाएको छ।

### पाँचथरकी...

बिदाको दिन एक्लै कोठामा रहेकी उनले ढोका बन्द गरेर आत्महत्या गरेको उनले बताए। सँगै बस्ने साथीहरु कामबाट आएर राति ढोका खोल्न खोज्दा नखुलेपछि प्रहरीलाई खबर गरेको र प्रहरी आएर ढोका खोल्दा चेम्जोङ झुण्डिएको अवस्थामा फेला परेको प्रहरीलाई उद्धृत गर्दै सुवेदीले बताए। रोजगारीका सिलसिलामा साइप्रस हुँदै १५ महिनाअघि पोर्चुगल आएकी चेम्जोङ मदेइरास्थित एक होटलमा कार्यरत थिइन्। उनी होटलले उपलब्ध गराएको कोठामा अन्य साथीहरुसँगै बस्दै आएकी थिइन्।

चेम्जोङले के कारणले आत्महत्या गरेको हो भन्ने विषय भने खुलिनसकेको पोर्चुगलका लागि अवैतनिक नेपाली महावाणिज्यदूत मकरबहादुर हमालले जानकारी दिए। उनको शव परीक्षणका लागि मदेइरास्थित एक अस्पतालको शवगृहमा राखिएको महावाणिज्यदूत हमालले बताए।

घटनाको विषयमा परिवारलाई जानकारी गराइसकिएको र उनको शव नेपाल पठाउने वा यहीँ अन्त्यष्टि गर्ने भन्ने विषयमा छलफल भइरहेको उनले बताए। चेम्जोङकी ८ वर्षीया छोरी र श्रीमान नेपालमा रहेका छन्।

**Invitation for Bids**

## Gramthan Rural Municipality

**Date of publication: 2080/12/08**

1. ***Gramthan Rural Municipality, Office of the Rural municipal Executive, Tetariya, Morang*** invites electronic bids from Nepalese eligible bidders for the construction of ***work as stated in table below***.

| S.N. | Contract ID/IFB No. | Description | Estimated Amount (with VAT/LSPS) | Bid Document Fee | Bid Security | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | Gramthan Rural/ncb/ Works/11-080/081 | Ward no-07 bibhinna sadak kalopatre (Package) | 7140091.76 | 3000 | 1,70,000 | |
| 2 | Gramthan Rural/ncb/ Works/12-080/081 | Bibhinna Sadak Kalopatrey Gramthan Gaupalika 3 (Package 2) | 8570554.11 | 3000 | 2,02,000 | |

## Thalara Rural Municipality
## Office of Rural Municipal Executive

**Kholi, Bajhang**
**Sudurpashchim Province, Nepal**

## Invitation for Sealed Quotation for the Fabrication and Procurement of Goods

**Date of First Publication: 2080/12/08 (March 21, 2024)**

Thalara Rural Municipality, Office of Rural Municipal Executive, Kholi, Bajhang invites electronic bids from Nepalese eligible bidders under National Competitive Bidding (NCB) procedures for the procurement of goods and works mentioned below:

| IFB No. | Description & Location of Work | Estimated Amount (NRs) with VAT | Bid Security Amount (NRs) | Bid Document Fee (NRs) | Bid Security Validity Period (Days from Date of bid opening) |
|---|---|---|---|---|---|
| NCB/TRM/GOODS/ 04/2080/81 | Supply and delivery of Sanitary Pads having the minimum requirements as per Sanitary Pad (Distribution & Management) Norms, 2076 to the road head Jhanana Bajhang | 1,279,160/- | 32,000/- | 1000/- | 45 days |
| NCB/TRM/GOODS/ 05/2080/81 | Procurement and supply of Fabricated Steel Parts of Pari Gaad Suspended Bridge Thalara -8, Bajhang to the road head Jhanana Bajhang | 1,270,918.99/- | 31,800/- | 1000/- | 45 days |

Purschase, Submission and Opening:

| Contract ID | Last Date of Bid Purchase | | Last Date of Bid Submission | | Bid Opening | |
|---|---|---|---|---|---|---|
| | Date | Time | Date | Time | Date | Time |
| NCB/TRM/GOODS/ 04/2080/81 | 2080/12/22 (2024/04/04) | 17:00 Noon | 2080/12/23 (2024/04/05) | 12:00 Noon | 2080/12/23 (2024/04/05) | 14:00 Noon |
| NCB/TRM/GOODS/ 05/2080/81 | | | | | | |

| Bank Name & Address | Office Name Account Name | Revenue a/c Details (Antarik Rajaswa Khata) | | Deposit a/c Details (Dharauti Khata) | |
|---|---|---|---|---|---|
| | | Account No. | Account Name | Account No. | |
| Kumari Bank Ltd. Thalara Branch | Office of Thalara Rural Municipal Executive, Kholi, Bajhang | THALARA GA.PA. ANATRIK RAJASWO KHATA GA 1.1 | 1840102612300001 | THALARA GA.PA. ISTHANIYA TAHA DHARAUTI KHATA GA 3 | 184010261230016 |

- Tender document shall follow Public Procurement Act 2063 (Latest Amendment) Public Procurement Regulation 2064 (Latest Amendment).
- Bidder may download the bidding documents for e-submission from PPMO's e-GP system www.bolpatra.gov.np/egp. Bidders, submitting their bid electronically, should deposit non-refundable cost of bidding document.
- The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

# सरकार दूरदराजमा इन्टरनेट सेवा पुऱ्याउने अभियानमा छ : मन्त्री शर्मा

**प्यूठान/मस-** सञ्चार तथा सूचना प्रविधि मन्त्री एवम् नेपाल सरकारका प्रवक्ता रेखा शर्माले सरकार दुरदराजमा इन्टरनेट सेवा पुऱ्याउने अभियानमा रहेको बताएकी छन् ।



झिमरुक गाउँपालिकामा आजदेखि सञ्चालनमा आएको नेपाल टेलिकमको फाइबर नेट सेवा शुभारम्भ गर्दै उनले सबै जिल्ला र पालिकामा उच्च प्रविधिको इन्टरनेट सेवा पुऱ्याउने नीतिअनुसार काम भइरहेको बताइन् । उनले गुणस्तरीय सेवा प्रवाहको सुनिश्चितताका लागि नेपाल टेलिकमका प्रतिनिधिलाई निर्देशन समेत दिइन् ।

मन्त्री शर्माले चालु आर्थिक वर्षमा हुम्लाबाहेक सबै जिल्लामा नेपाल टेलिकमको एफटीएचएच सेवा पुग्ने बताइन् । शर्माले भनिन्, 'इन्टरनेट सेवा पालिका हुँदै वडासम्म पुऱ्याउन सके जनताले सहज इन्टरनेट सेवा पाउने र टेलिकमको आम्दानी बृद्धि हुनेछ, यसलाई सबै स्थानीय तहसँग समन्वय गरेर योजना निर्माण गरी काम भइरहेको छ ।' मन्त्री शर्माले नेपाल टेलिकम सकारात्मक प्रतिस्पर्धा गरेर अगाडि बढ्नुपर्नेमा जोड दिइन् । नेपाल सरकारले डिजिटल नेपालको कार्यक्रम अघि बढाएकोमा टेलिकम सहयोगी भूमिकामा रहनु पर्ने उनको तर्क छ।

सात गाउँपालिका र दुई नगरपालिका गरी नौ स्थानीय तह रहेको प्युठानका चार स्थानीय तहमा प्यूठान र स्वर्गद्वारी नगरपालिका, मल्लरानी र माण्डवि गाउँपालिकामा नेपाल टेलिकमको एफटीएचएच सेवा पुगेकोमा बुधबारदेखि झिमरुक गाउँपालिका समेत सेवा पुगेको नेपाल टेलिकम तुल्सीपुरका प्रमुख सन्तोष शर्माले बताए । उनका अनुसार ऐरावती, सरुमारानी र नौबहिनी गाउँपालिकामा सेवा प्रवाहका लागि सर्बे भइसकेको र गौमुखीमा सर्बेको तयारी गरिएको छ । हाल नेपाल टेलिकमले यहाँ चार हजार छ सय आठ जनालाई सेवा दिन पुग्ने फाईबर नेट उपलब्ध गराएको छ । त्यसमध्ये एक हजार छ सय १८ जनालाई सेवा प्रवाह गरिएको छ । प्यूठानमा ३७ वटा फोरजी टावर सञ्चालनमा रहेको नेपाल टेलिकमले जनाएको छ । त्यस अवसरमा नेपाल टेलिकम लुम्बिनी प्रदेशका प्रादेशिक निर्देशक अनन्तप्रसाद मल्लिक, भैरहवाका उप-प्रबन्धक कुश्माकर न्यौपाने, नेपाल टेलिकम बिजुवारका कार्यालय प्रमुख निरन्जन श्रेष्ठलगायतको उपस्थिति थियो ।

## कक्षा १२ का विद्यार्थीलाई निःशुल्क तयारी कक्षा

**राजकुमार भुजेल/मध्यान्ह**
दोलखा, ७ चैत

दोलखामा कक्षा १२ मा अध्यनरत विद्यार्थीहरुका लागि निःशुल्क तयारी कक्षा सञ्चालन गरिएको छ । जि.पी कोईराला फाउण्डेशन दोलखाको आयोजना तथा पूर्व प्रधानमन्त्री स्व. गिरिजा प्रसाद कोइरालाको १४ औं स्मृति दिवस र आदर्श पुरुष स्व.भीम बहादुर तमाङको सम्झनामा विद्यार्थीहरुलाई निःशुल्क तयारी कोचिङ कक्षा सञ्चालन गरेको हो ।

फाउण्डेशनका अध्यक्ष राकेश श्रेष्ठको विशेष पहलमा भएको निःशुल्क तयारी कोचिङ कक्षा संचालनको उद्घाटन बुधबार नेपली कांग्रेस दोलखाका सभापति बर्मा लामाले गरे ।

सो अवसरमा उनले जिल्लामा आर्थिक अवस्था कमजोर भएका, जेहेन्दार र जिल्लाका दुर्गम भेगका विद्यार्थीलाई एकैठाउँ समेटेर निःशुल्क कोचिङ कलस सञ्चालन गरी विद्यार्थीहरुको हक अधिकार र संरक्षणमा महत्वपूर्ण भूमिका निर्वाह गरेको जिकिर गरे । जिल्लाका दुर्गम भेकका विद्यार्थीहरुले समेत प्रतिनिधित्व गर्ने भएकाले निःशुल्क कोचक कक्षा वर्तमान सन्दर्भमा सान्दर्भिक भएको बताउँदै स्व. गिरिजाप्रसाद कोइरालाले नेपाली राजनीतिक आन्दोलनमा निर्णायक भूमिका खेलेकै कारण देशले जीवन्तसम्म सम्झिरहने धारणा व्यक्त गरे ।


## आवश्यकता ! आवश्यकता ! आवश्यकता !

एक प्रतिष्ठित मेनपावरको लागि एक Admin Manager आवश्यकता परेको हुँदा निम्नलिखित योग्यता भएको Ladies ले मात्र सम्पर्क गर्नुहोला ।
क. अरबी तथा अंग्रेजी भाषमा राम्रो ज्ञान हुनुपर्ने ।
ख. मेनपावर क्षेत्रमा म्यानेजर को रुपमा कम्तिमा २ वर्षको अनुभव हुनुपर्ने ।
ग. Salary आपसि सहमतिमा हुनेछ ।

एअर किङ्ग प्लेसमेन्ट प्रा. लि
ई.प.न ७१२/०६४/०६५
कुपण्डोल ललितपुर
सम्पर्क नम्बर ९८४३४४०१५१
AKP
Gov. Lic. No. 712/064/065
SALARY Negotiable


## बेलका नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
रामपुर, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७३

### प्राविधिक प्रस्ताव स्वीकृत गरी आर्थिक प्रस्ताव खोल्ने आशयको सूचना

(सूचना प्रकाशित मितिः २०८०/१२/०८)

यस कार्यालयबाट मिति २०८०/१०/१२ गतेको मध्यान्ह राष्ट्रिय दैनिक पत्रिका तथा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेबसाईट www.bolpatra.gov.np/egp मार्फत Supply and Construction of 450 cum Over-Head Tank along with 56 km Transmission and Distribution Pipeline network and all other components as specified in project for RampurBazar Drinking Water Supply Project, Belaka Municipality-09, Udayapur. (बोलपत्र नं. 08/BELAKA/NCB/W/2080-081) सम्बन्धी कार्यको लागि आह्वान गरिएको सूचना अनुसार पेश हुन आएका बोलपत्रहरुको प्राविधिक प्रस्तावहरु मूल्याङ्कन गर्दा सारभूतरुपमा प्रभावग्राही तपसिल बमोजिमका बोलपत्रहरुको मिति २०८०।१२।१५ गते दिनको १:०० बजे यस नगरपालिकाको कार्यालयमा आर्थिक प्रस्ताव खोलिने भएको हुँदा सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१(ज) को उपनियम ५ बमोजिम हुने गरी सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपसिल

| क्र.सं. | बोलपत्रदाताको नाम |
|---|---|
| १. | AMBARSHANTI/PRAYAN/REGMI Joint Venture. |
| २. | Nepal Mega/J.B./Aashrika J.V. |

प्रमुख प्रशासकीय अधिकृत

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७८/०७/११ मा दर्ता भएको **प्रा लि नं २७५७०५/२०७८/०७९** को **इश्वर आयल ट्रेडर्स प्रा.लि.**को मिति २०८०/१२/०७ मा सम्पन्न बिशेष साधारण सभा बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय, ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं मोवाईल नं. ९८४१३६९७७१**

### हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७७/०९/१९ मा दर्ता भएको **प्रा लि नं २५१९६५/२०७७/०७८** को **ब्रम्हायणी पोलिक्लिनिक एण्ड फार्मेसी प्रा.लि.**को मिति २०८०/१२/०७ मा सम्पन्न बिशेष साधारण सभा बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वैच्छिक खारेजी लिक्विडेसनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्वीडेटरः रोशन कुमार बजिमय, ईजाजत प्र.प.नं. २२१**
**ठेगानाः त्रिपुरेश्वर, काठमाडौं मोवाईल नं. ९८४१३६९७७१**

## Directorate of Water Supply, Irrigation and Energy Development
Karnali Province, Surkhet, Nepal

### Invitation for Online Bids

**Tender Notice No: 5-080/081**
**(Date of First times Publication: 2080/12/08 (2024-Mar-21))**

1. **DWIED, Surkhet** invites electronic bids from eligible bidders for following works under National Competitive Bidding (NCB) procedure. Bidders may obtain further information from the PPMO's web portal **https://bolpatra.gov.np/egp/**

| Contract Number | Description of work | Estimated Amount without VAT and Contingency but Including PS. (NRs.) | Bid Security Amount (NRs.) | Fee for Bid Document (NRs.) | Average Annual Construction Turnover (NRs.) | Remarks |
|---|---|---|---|---|---|---|
| 12/080-081/NCB/ Works/WSP/ DWIED-Surkhet | Construction of Electrical Lifting System for Dopke Sisnupole Arukhark WSP, Chingad RMC:05, Surkhet. | 3,208,076.08 | 98,000.00 | 3000.00 | N/A | Single Stage Single Envelope. |
| 13/080-081/NCB/ Goods/WSP/ DWIED-Surkhet | Supply & Delivery of NS-40, PE-100, HDPE Pipe for different WS Projects. | 5,014,535.50 | 153,000.00 | 3000.00 | N/A | Single Stage Single Envelope. |

**For Director**


## SAUDI ARABIA मा वैदेशिक रोजगारको अवसर

कम्पनी : ALF JIM LOGESTICS COMPANY — शहर : Saudi Arabia, Riyad
पूर्व स्वीकृत मितिः २०८०/१२/०७ — चलानी नं.: ६०२१६९६१ — LT. No.: 302068

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading Unloading Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ALF JIM LOGESTICS COMPANY — शहर : Saudi Arabia, Riyad
पूर्व स्वीकृत मितिः २०८०/१२/०७ — चलानी नं.: ६०२१६९६० — LT. No.: 302069

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pickup Truck Driver | 12 | 0 | स. काममा दक्ष | 1800 | ६३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : ESC LIMITED — शहर : Saudi Arabia, Riyad
पूर्व स्वीकृत मितिः २०८०/१२/०७ — चलानी नं.: ६०२१६९६२ — LT. No.: 302071

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Construction Worker | 5 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी : DAILY FOOD TRADING COMPANY — शहर : Saudi Arabia, Riyad
पूर्व स्वीकृत मितिः २०८०/१२/०७ — चलानी नं.: ६०२१६९६३ — LT. No.: 302072

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 40 | 0 | स. काममा दक्ष | 1200 | ४२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय ललितपुरमा २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

साउन्डलाईन्स रिक्रुटमेण्ट प्रा.लि.
श्रम इजाजत पत्र नं.: ५७२/०५२/०५३
पो.ब.नं. २४७८०, ताचिखेल-१४, महालक्ष्मीस्थान चोक (लुम्बीनी विकास बैक पछाडी), ललितपुर
शाखा कार्यालयः- अतिथि सदन रोड (अतिथि सदन भवनका अगाडि), विर्तामोड, झापा
फोनः ०१-५१९३२३६, ५१९३२३७, ५१९३२३८, ५१९३२३९, E-mail : nepal@soundlinesgroup.com
CREATING VALUE THROUGH PEOPLE
Branch Office-023-536663 | 9801433027 | 9801433031 | 9801433029

## मलेशियामा रोजगार | कम्पनी : SANCHI PLASTERGLASS CEILING INDUSTRY SDN.BHD.
शहरः JOHOR
पूर्व स्वीकृत मितिः २०७९/१२/१९ — चलानी नं.: ६०१९९२७८ — LT. No.:283852 — पुन विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 14 | 0 | स. काममा दक्ष | 1500 | ४२,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला

Money Home Overseas Pvt. Ltd.
Tokha -10, Kathmandu, Nepal
Tel.: 4984683, 4985068, 4956752
Govt. Lic. No. 863/066/067
Email: moneyhomeoverseas2009@gmail.com, info@moneyhomeoverseas.com.np | Website: www.moneyhomeoverseas.com.np

## कुवेतमा रोजगार | Company : MASHAEL ARTISTS INSTITUTE AND SALON COMPANY FOR LADIES
City : KUWAIT
पूर्व स्वीकृत मितिः २०८०/१२/०७ — चलानी नं.: ६०२१६९४१ — LT. No.: 301946

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 15 | सम्बन्धित काममा दक्ष | 150 | ६४,६५९ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | manicure/pedicure | 0 | 9 | | 150 | ६४,६५९ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रु. २३०८/- कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.
श्रम इजाजत पत्र नं.: ७१६/०६४/०६५
सिनामंगल, काठमाडौं, नेपाल, फोनः ०१-४५६९३७२ ०१-४५६१०७७ मो. ९८२३३५१५४५, ९८४५१७०६०२, ९८०३०३०१११

## साउदीमा रोजगार | कम्पनीः AMJAD AL SHARQ CONTRACTING EST
शहरः DAMMAM
पुर्व स्वीकृत मितिः २०८०/१२/०७ — चलानी नं.: ६०२१६८८२ — LT. No.: 302028

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Store Keeper | 2 | 0 | स. काममा दक्ष | 1500 | ५३,०२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

डाइनामिक ग्लोबल एच. आर. प्रा.लि
(श्रम इजाजत नं. ७३१/०६४/०६५)
टोखा-०५, बसुन्धरा, काठमाडौं, नेपाल,
फोन: 01-014985960,986-0351595.
E-mail : dynamicglobalhr2014@gmail.com

## साउदी र युएईमा वैदेशिक रोजगारको अवसर

कम्पनी : FOOD AVENUE RESTAURANT FOR SERVING MEALS. — कम्पनी : Saudi Arabia, Riyadh
पूर्व स्वीकृत मितिः २०८०/१२/०७ — चलानी नं.: ६०२१६९५८ — LT. No.: 302049

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Kitchen Worker | 10 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनी : DIVYA INDUSTRIES GRAINS PROCESSING & PACKING LLC — कम्पनी : UAE
पूर्व स्वीकृत मितिः २०८०/१२/०७ — चलानी नं.: ६०२१६९५६ — LT. No.: 302052

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Stock Filler | 17 | 0 | स. काममा दक्ष | 1000 | ३६,१०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १५ गते (28 February 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | साउदीको रु. १०,०००/- युएइको निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

मेमोरियल ओभरसिज सर्भिसेज प्रा. लि.
श्रम इजाजत नं. १५६/०५६/०५७
टोखा-१०,सामाखुशी, काठमाडौं, नेपाल, फोन: ४९५८७८६, ४९८५३७३




## सम्पादकीय

# एउटा अर्थपूर्ण निर्णय

मधेश प्रदेश सरकारमा गृह मन्त्रालयको समेत जिम्मेवारी सम्हालेका भौतिक पूर्वाधार तथा विकास मन्त्री सरोजकुमार यादवले गरेको एउटा निर्णयले राष्ट्रिय चासो पाएको छ । मधेश सरकारमा नेकपा एमाले सहभागी भएपछि मन्त्री यादवले भौतिक पूर्वाधार तथा विकास मन्त्रीको शपथ लिएका थिए । मुख्यमन्त्री सरोजकुमार यादवले उनलाई गृह तथा सञ्चार मन्त्रालयको समेत जिम्मेवारी दिएका छन् । अर्को मन्त्री नियुक्त नभएसम्मका लागि गृह मन्त्रालयको जिम्मेवारी पाएका मन्त्री यादवले सुराकी बापत मन्त्री र सचिवहरूले नै बुझ्दै आएको खर्च कटौतीको निर्णय गरेका हुन् । पहिलो निर्णयका रूपमा सुराकी खर्च काट्ने निर्णय गर्दा त्यसले राष्ट्रिय चासो पाउनुमा उक्त शीर्षकमा भइरहेको खर्च मुख्य कारण हो ।

मधेश सरकारले १० जेठ २०७५ मा सुराकी खर्च बाँड्ने निर्णय गरेको थियो । त्यस निर्णय बमोजिम गृह तथा सञ्चार मन्त्रालयले छुट्याएको सुराकी खर्च मन्त्री, राज्यमन्त्री र सचिवले बुझ्दै आएका थिए । उक्त मन्त्रालयको तथ्याङ्क अनुसार, बितेको पाँच वर्षमा सुराकी खर्च भनेर एक करोड ४२ लाख मन्त्री, राज्यमन्त्री र सचिवले बुझिसकेका छन् । यति ठूलो रकम सुराकी खर्च बापत बुझेको तथ्य सार्वजनिक हुन सकेको थिएन । तर मन्त्री यादवले यस्तो निर्णय लिने मात्रै नभएर सार्वजनिक समेत गरेका छन् । यो निर्णयलाई चासोका साथ हेरिनुमा प्रदेश सरकारले जथाभावी खर्च गरिरहेको छ भन्ने मनोविज्ञानले समेत बल पुगेको छ ।

राजनीति अस्थिरताका कारण असीमित मन्त्रालय संख्या बढाउने, सरकार फेरिरहने र सत्ता स्वार्थमा मन्त्री नियुक्त गर्ने प्रवृत्तिले प्रदेश सरकारहरूले मुलुकका निम्ति आर्थिक बोझ बढाइरहेको आमटिप्पणी हुने गरेको छ । यस्तो टिप्पणीलाई बल पुग्ने काम फगुल खर्च, अनावश्यक शीर्षकमा रकम विनियोजन, जम्बो मन्त्रालय जस्ता निर्णयले गरिरहेको थियो । मधेश प्रदेश सरकारकै कुरा गर्दा अरू थुप्रै शीर्षकमा भ्रष्टाचार मुद्दा चलिरहेको छ । तर भ्रष्टाचार मुद्दा नचल्ने, तर नभए पनि हुने शीर्षकमा रकम बाँडिएको नजीर सुराकी खर्च हो । जुन कार्य बन्द गर्नु उपयुक्त हुने बुझाइकै कारण मन्त्री यादवको निर्णय राष्ट्रिय विषय बन्यो । तर मन्त्री यादवले यस्तै प्रकृतिका अरू निर्णय गर्नेमा ढुक्क हुन सकिदैन । किनकि अहिले बेथितिको मूल कारण नै कुनै पनि दलको एकल सरकार नहुनु हो । अझ मधेशकै कुरा गर्दा २०७४ देखि जसपाको नेतृत्वमा सरकार चलिरहेको छ । तर सत्ता साझेदारका रूपमा आएको अर्को कुन दलका मन्त्रीले जस लिनेगरी सरकार अगाडि बढ्नेमा विश्वास गर्न सकिदैन । जबकी प्रदेश सरकारबारे उठिरहेको आशंका अन्त्य गरेर नागरिकमा विश्वास जगाउने हो भने मन्त्री यादवले लिएकै जस्तो अरू निर्णयले निरन्तरता पाउन आवश्यक छ ।

# प्रवृत्ति र पद्धतिमा खोजिएको रूपान्तरण

अग्रलेख



● नरेन्द्रमान श्रेष्ठ

नेपाल मात्र यस्तो देश होला, जहाँ बेला-बेलामा व्यवस्था परिवर्तन भइरहन्छ । नेपालमा दशकै पिछे व्यवस्था परिवर्तन भइरहन्छ । प्रजातन्त्र, पञ्चायती व्यवस्था, बहदलीय व्यवस्था, संवैधानिक राजतन्त्रात्मक व्यवस्था, लोकतन्त्र, गणतन्त्र, संघीय लोकतान्त्रिक गणतन्त्र कायम भइसक्यो भने अहिले फेरि राजतन्त्र पुनर्स्थापनाको चर्चा चलिरहेको छ । विभिन्न समयमा देशमा व्यवस्था परिवर्तन भइरहँदा पनि आम नागरिकहरूको जीवन स्तरमा भने परिवर्तन हुन सकिरहेको छैन । आम नागरिकहरूको जीवन स्तरमाथि उठ्न सकिरहेको छैन । आमनागरिकहरूको जीवन स्तर विगतमा जहाँ थियो, अहिले पनि त्यहीँ छ । तर राजनीतिक दलका नेताहरूको जीवनस्तरमा भने ठूलै परिवर्तन भइसकेको छ । चप्पल लगाएर काठमाडौं पसेका र काठमाडौंमा एउटा कोठाभाडामा बसेका नेताहरू आज रोडपतिबाट अरबपति भइसकेका छन् भने करौडौं र अरबौंको महलमा बस्ने भइसकेका छन् । लक्जरी जीवन बिताइरहेका छन् । आफ्ना भाई, भतिजा, श्रीमति, छोरी, बुहारी, सालासाली आसेपासेहरूलाई ठूला-ठूला पोष्टहरूमा पुऱ्याइरहेका छन् । त्यसो त त्यसो पार्टीको महाधिवेशन मात्र गर्दा पनि सात/आठ करोड खर्च गर्ने भइसकेका छन् । तर, आम नागरिकहरू भने एउटा सिटामोलको लागि संघर्ष गर्नुपर्ने परिस्थिति कायमै छ । आफ्नो र परिवारको जिविका चलाउन विदेशीनु परिरहेको छ ।

त्यसो त देशमा व्यवस्था परिवर्तन भइरहँदा पनि नेताहरूको सत्तासिनहरूको प्रवृत्तिमा चरित्रमा परिवर्तन हुन सकिरहेका छैनन् । बेला-बेलामा व्यवस्था परिवर्तन भइरहँदा पनि व्यवस्थालाई चलायमान बनाउने व्यवस्थालाई सञ्चालन गर्ने, सत्ता सञ्चालन गर्नेहरूको प्रवृत्ति र चरित्रमा परिवर्तन हुन सकिरहेका छैनन् । जबसम्म व्यवस्था सञ्चालन गर्नेहरू, सत्ता सञ्चालन गर्नेहरू व्यवस्थालाई परिचालन गर्नेहरूको प्रवृत्ति र चरित्रमा परिवर्तन हुँदैन, यिनिहरू नैतिकवान हुँदैनन् तबसम्म देश र जनताको जीवन स्तरमाथि उठ्न सक्दैन । देशमा आमनागरिकहरूको लागि गाँस, बास र कपास र यातायात, शिक्षा, स्वास्थ्य, रोजगार अनि आम नागरिकहरूको दैनिकी जीवन चलाउन अति आवश्यकीय वस्तु सामानहरूको प्राथमिकताको आधारमा सर्वसुलभ तरिकाले आमनागरिकहरूको पहुँच हुँदैन तबसम्म देशको विकास भयो भनेर भन्ने अवस्था हुँदैन ।

पछिल्लो समयमा सत्तासिनहरू देश र आमनागरिकहरूको लागि काम गर्नेभन्दा पनि आ-आफ्नो स्वार्थ दलीय स्वार्थ पारिवारिक स्वार्थमा नै अल्झिरहेका छन् भन्दा पनि फरक नपर्ला । चाहे देशमा कांग्रेसको शासन होस्, चाहे कम्युनिष्टहरूको शासन होस्, यस्तो प्रवृत्ति र चरित्र कायमै रहेका छन् । पछिल्लो समयमा सबै क्षेत्रमा राजनीतिक करण भइसकेका छन्, गरिएका छन् । चाहे फुटपाथ पसल होस्, चाहे न्यायालय होस् पछिल्लो समयमा त न्यायालय रेशलिङ्गको रिङ्ग जस्तै भएको देखिन्छ । अब भने जनताले न्याय पाउन कहाँ जाने गोरखा जाने ? न्यायालयलाई पनि राजनीतिक करण गर्नु हुनु देशको लागि राम्रो भने होइन । अब आउने निर्वाचनमा आम मतदाताहरूले मतदान गर्ने बेला सय पल्ट सोच्नुपर्ने बेला आइसकेका छन् । त्यसो त व्यवस्था भनेको खराब र नराम्रो हुँदैन तर, व्यवस्थालाई हाँक्नेहरूको चरित्र प्रवृत्ति पात्रहरू खराब भए व्यवस्थाप्रति नै आमनागरिकहरूको वितृष्णा उत्पन्न भएर आउँछ ।

नेपाल देश कृषिप्रधान देश हो । जलस्रोतको धनि देश हो । प्राकृतिक स्रोतमा पनि धनि देश हो सांस्कृतिक सम्पदामा त झनै धनि देश हो । नेपालको सांस्कृतिक सम्पदाहरू विश्वमा नै चर्चित छन् । यही सांस्कृतिक सम्पदाहरू हेर्नको लागि वर्ष भरी लाखौं विदेशी पर्यटकहरू नेपालमा



*सत्तासिनहरू देश र आमनागरिकहरूका लागि काम गर्नेभन्दा पनि आ-आफ्नो व्यक्तिगत स्वार्थ, पारिवारिक स्वार्थ र दलीय स्वार्थमा नै अल्झिरहेका छन् भन्दा पनि फरक नपर्ला । चाहे देशमा कांग्रेसको शासन होस्, चाहे कम्युनिष्टहरूको शासन होस्, यस्तो प्रवृत्ति र चरित्र कायमै रहेको छ । जसकारण व्यवस्था परिवर्तन भएपनि जनताले परिवर्तनको अनुभूत गर्न सकेका छैनन् ।*

आउने गरिहेका छन् ।

तर, पछिल्लो समयमा भने यो सबै नारामा मात्र सिमित भइरहेका छन् । बिगतमा नेपालमा उत्पादन भएका कृषि सामग्रीहरू खाद्यान्न विदेशमा निर्यात हुने गर्थ्यो तर, पछिल्लो समयमा भने हामी आयात गरिरहेका छौं । खाद्यान्न तरकारी फलफूल आदि इत्यादी सबै सामानहरू विदेशबाट आयात गर्न परिहेका छन्, त्यसो त कतिपयको भनाईमा त विदेशबाट खाद्यान्नहरू आयात नगरिने भए नेपालीहरूलाई समस्या पर्ने हुन्छ भनेर पनि भनिरहेका छन् । पछिल्लो समयमा नेपाल पूर्णरूपमा आयातित देश बनिसकेको छ ।

देश आत्मनिर्भर हुनुभन्दा पनि परनिर्भर भइरहेको छ । एकातिर देशले विदेशबाट खाद्यान्नहरू आयात गर्न परिहेका छन् भने अर्कोतिर केही गाँजावादी नेता सांसद मन्त्रीहरू भने देशलाई गाँजामय बनाउन तल्लिन रहेका छन् । कृषि उत्पादन अन्नबाली उत्पादन गर्नुपर्ने जग्गा जमिनमा गाँजा उत्पादन गर्नमा लागिपरेका छन् । आम नागरिकहरूको लागि अन्न खाद्यान्न आवश्यक कि लागु पदार्थ गाँजा । हामीले केही गाँजावादी नेताहरूलाई मत दिएर सांसद मन्त्री बनाएको कारणले देशले आमनागरिकहरूले विभिन्न समस्याहरू भोग्न परिरहेको छ । देशमा आमनागरिकहरूलाई दैनिकी गुजारा गर्नको लागि अति आवश्कीय वस्तु उत्पादन गर्ने कि लागु पदार्थ गाँजा ?

देश परनिर्भर भइरहेको कारणले आमनागरिकहरूले महँगीको मार खेप्न परिरहेका छन् । देशमा महँगी बढेर सगरमाथाको टुप्पोमा पुगिसकेको छ । त्यसो त काठमाडौंमा आउँदा हवाइ चप्पल लगाएर आउने नेताहरू अहिले अरबपति भइसकेका छन्, यिनिहरूलाई त महँगीको मारले केही फरक पर्दैन तर, आमनागरिकहरूलाई भने महँगीले सताइरहेका छन् । तर, सरकार सम्बन्धित सरोकारवालाहरू प्रायः मौन । आमनागरिकहरूलाई नेता लम्पर्ट कार्यकर्ता सांसद मन्त्री प्रधानमन्त्रीदेखि फुटपाथदेखि कर्पोरेट हाउसहरू र सरकारी निकायहरूले समेत ठगिरहेका छन् ।

सरकारी स्वामित्वको खानेपानी अड्डाले धारामा पानी नआए पनि शुल्क लिइरहेका छन्, त्यसमा पनि ढलको शुल्क भनेर ५० प्रतिशत अतिरिक्त शुल्कसमेत लिइरहेका छन् । त्यसैगरी बिजुली अड्डाले पनि बिजुलीको शुल्कको साथसाथै सेवा शुल्क भनेर अतिरिक्त शुल्क लिइरहेका छन् । यो पनि एक प्रकारको ठगि नै हो ढलसँग कुनै सरोकार नहुने काठमाडौं उपत्यका खानेपानी लिमिटेडले ५० प्रतिशत ढलको शुल्क भनेर लिने गरिरहेका छन् के यो जायज हो ? । त्यसो त चारैतिरबाट आम नागरिकहरू ठगिमा परिरहेका छन् ।

नेपालका आम नागरिकहरू ग्राहकहरू महँगीको चपेटामा छन् । आम नागरिकहरूको लागि नभई नहुने अति आवश्यकीय वस्तु नागरिकहरूको दैनिकी चलाउनको लागि आवश्यक आम नागरिकहरूको पहुँचभन्दा पर गइसकेका छन् । तर पनि आमनागरिकहरू मौन त्यसो त नेपालीहरू एकदम सोझा सिधा नैतिकवान, इमान्दार चारैतिरबाट ठगि भइरहँदा पनि चुँइक बोल्दैनन्, मौनव्रत धारणा गरेर बस्छन् ।

त्यसो त कतिपय राजनीतिक नेताहरूले दलहरूले देशमा दुई वर्षभित्र रेल चलाउने पानी जहाज चलाउने तुइन विस्थापित गर्ने काठमाडौंमा मोनो रेल चलाउने घरघरमा ग्याँसको पाइप जडान गरिदिने देशमा नै रोजगारी सिर्जना गर्ने भनेर फटाहा फटाहा कुरा गरे पनि हामी नेपालका मतदाताहरूले कति पल्ट प्रधानमन्त्री भए पनि देशलाई विकास गर्ने समृद्धि बनाउने त कहाँ हो कहाँ जनताको बारेको कुरामा सामान्यभन्दा समान्यमा समेत चासो नदेखाए पनि हामी मतदाताहरूले पटक-पटक त्यही पात्रहरूलाई सत्तामा पुऱ्याइरहेका छौं ।

देशमा व्यवस्थात परिवर्तन भइरहे तर, प्रवृत्ति चरित्र पात्रहरू परिवर्तन भएन मतदाताहरूको सोचमा परिवर्तन भएन मतदाताहरू पनि वन वे ट्राफिक जस्तो भइरहे । तर, पछिल्लो २०७९ सालको आम निर्वाचनमा कतिपय मतदाताहरूले नयाँ दल, नयाँ जोस जाँगर भएका व्यक्ति दलहरूलाई मत दिए पनि यिनिहरू पनि सत्ताको भोगि नै देखियो । आम मतदाताहरूले संसदमा गएर आम नागरिकहरूको समस्याहरू भ्रष्टाचारविरुद्ध सशक्त ढंगले आवाज उठाउँला भनेर पठाएकाहरू पनि त्यही भ्रष्टाचारको पोखरीमा पौडी खेल्नको लागि आतुर छन् । भ्रष्टाचारीका माछाहरूलाई पोखरीबाट बाहिर ल्याइ आमनागरिकका सामु पछार्छन् कि भनेको त आफु स्वयम् त्यहीँ पोखरीमा पौडि खेल्न पुगे । केही पात्रहरूलाई परिवर्तन गरे पनि प्रवृत्ति र पद्धतिलाई परिवर्तन गर्न सकिएन आम मतदाताहरूले । पात्रहरू त केही परिवर्तन भए तर पद्धति र प्रवृत्तिमा परिवर्तन भएन एउटा उखान छनि जुन जोगी आए पनि कानै चिरेका । यो नै देश र जनताहरूको लागि बिडम्बना हो ।

## सामाजिक सञ्जाल



**- विष्णु ढकाल**

हामी प्रफुल्ल छौं, भटाभट भ्रष्टाचार तस्करी अनियमितताका फाइलहरू खुलेकोमा ! यसैमा अलमलिनु हाम्रो नियति बनेको छ । यी एक्सपोज भएका तौर तरिका फेरेर नयाँ प्रकृतिका यस्ता कार्य हामीले फेरि दशकौं पछि थाहा पाउछौं फेरि छानबिन कारबाही हुँदा प्रफुल्ल हुनेछौं ! यो खेलले निरन्तरता नपाउने उपाय खोजौं !



**- सरोज पोखरेल**

रवि र गगनका भक्तहरूको आ-आफ्नो तर्क होला । तर, दुवै देशलाई चाहिने नेता हुन् । रवि चोखा छन् कि बिटुला विस्तारै थाहा होला । तर, गगनले सदनमा भनेको कुरामा दम चाहिँ छ । हामी आम जनताको चाहना भनेको देश भ्रष्टाचार र अपराध मुक्त हुनुपऱ्यो । निर्दोष फस्नु भएन; दोषी छुट्नु भएन । बस त्यति हो ।



**- सुर्यराज आचार्य**

मौजुदा संविधानको निर्माणमा राजनीतिज्ञहरूको सोंचभन्दा पनि 'एक्टिभिस्ट' का एजेन्डा हाबि हुन पुगे । लोकतान्त्रिक अभ्यासलाई परिस्कृत गर्ने तथा देश र जनताका आकांक्षा सम्बोधन गर्ने गरी परिणाम निकाल्ने सोच, योजना र अठोट यो संविधानमा खासै प्रतिबिम्बित छैन । संविधानका प्रावधानमा सुधार होस् !



**- मुकेश काफ्ले**

कांग्रेसले एक तिरले दुई सिकार गरेको छ- प्रधानमन्त्रीलाई रविको पक्षमा र हजारौं सहकारी पीडितको विपक्षमा सदनमै एक्सपोज गराएको छ । अर्कोतर्फ संसदीय छानबिनको माग गरेर दबाब बढाएको छ । संसदीय अभ्यासमा प्रमुख प्रतिपक्षी दलले गरेको छानबिनको मागलाई इन्कार गर्न गाह्रो हुन्छ । बाँकी हेर्दै जाऔं ।

# कार्ल मार्क्ससँगै जेनी

इतिहास



● लोकनारायण सुबेदी

विश्व कम्युनिष्ट आन्दोलनका प्रवर्द्धक, अभूतपूर्व महान् र युगान्तकारी दार्शनिक, असाधारण एवम् अप्रतिम व्यक्तित्व कार्ल मार्क्सकी सहधर्मिणी अर्थात् जीवन संगिनी हुन् जेनी मार्क्स । उनको मार्क्ससँग विवाह हुनुभन्दा पहिलाको नाम रहेको थियो -जेनी वोन वेस्टफालेन । उनको जन्म १२ फेब्रुअरी १८१४ मा जर्मनीको राइन प्रान्तको सल्ज्वेडलमा भएको थियो । जेनीको जन्मपछि उनको बुवाको ट्रियरमा सरुवा भयो । त्यहाँ उनको कार्ल मार्क्स परिवारसँग परिचय हुने अवसर मिल्यो । त्यति बेलैदेखि बालिका जेनी आफ्ना अरु विद्यालयका साथीहरूसँगै कार्ल मार्क्सँसँग खेल्ने गर्थिन् । यसरी बाल्यकालदेखि नै शुरु भएको जेनी र मार्क्सबीचको प्रेम जेनी २१ वर्षकी र मार्क्सँ १७ वर्षको भएपछि झन् परिपक्व प्रेममा परिणत भयो ।

फलतः कार्ल मार्क्स र जेनीले सन् १८३५ को गर्मी याममा विवाह सम्पन्न गरे । तर, त्यो वैवाहिक सम्बन्ध अभिजात वर्गका जेनीका माता पिताहरूका लागि अस्वीकार्य हुने सम्भावना थियो । त्यसले गर्दा उनीहरूले त्यस विवाहलाई तत्काल स्वीकार गरेनन् । यद्यपि, जेनीले कार्ल मार्क्ससँग विवाह गरेपछि उनको जीवनले नयाँ मोड लियो । आफूले २१ वर्षसम्म बिताएको जीवनशैली भन्दा नितान्त फरक तर, लक्ष्यप्रति अविचल अनि अबिरल कठिनाई र अभावहरूले भरिएको जीवन उनले आरम्भ गरेकी थिइन् । विवाहपश्चात उनीहरू राइन नदीको बाटो भएर अक्टोबरमा पेरिस पुगे । उनीहरू पेरिस पुगेपछि मार्क्सले पत्रिका निकाल्न शुरु गरे । सन् १८४४ मे १ मा जेनीले उनकी जेठी छोरी जेनीलाई जन्म दिइन् ।

त्यतिबेला मार्क्सले प्रकाशित गर्न थालेको पत्रिकाको अवस्था पनि राम्रो थिएन । त्यसले गर्दा मार्क्स-जेनी परिवारको आर्थिक स्थिति ज्यादै कमजोर थियो । यसैबीच १८४५को शुरुमा उनीहरू बसेको घरमा अचानक प्रहरी आएर मार्क्सलाई २४ घण्टाभित्र पेरिस छोड्नु पर्ने भन्ने प्रसियाली सरकारको आदेश सुनाएर गयो । तर जेनीले पेरिस छोड्नु पर्ने कुरा त्यहाँ उल्लेख थिएन । जेनीले त्यो कठिन पलमा आफ्ना घरायसी सामानहरू बेचेर केही पैसा जम्मा गरिन् । त्यो पैसाले त्यहाँबाट उनीहरू ब्रसेल्स गए । ब्रसेल्सको बसाईमा एक रात २ जना मानिसहरू उनीहरू बसेको घरभित्र पसेर कार्ल मार्क्सलाई सोधपुछका लागि भनी प्रहरी कार्यलयमा लगे । त्यसै रात मार्क्सलाई छुटाउन प्रयासरत रहँदा प्रहरीले जेनीलाई पनि गिरफ्तार गऱ्यो । अनि यौन व्यावसायी, पाकेटमार जस्ता आइमाईहरू राखिएको हिरासतमा उनीलाई पनि सँगै राख्यो । त्यहीँ उनले एक पुरानो जीगोर नामका साथीलाई पनि भेटिन् । उनका साथी जिगोरले तत्कालै तल हेर्न ईसारा गरे । जेनीले झ्याल नजिक गएर तल हेर्दा कार्ल मार्क्सलाई सैनिकहरूले कडा सुरक्षा दिएर अन्तै लगेको देखिन् । केही बेरको सोधपुछपछि पनि प्रहरीले जेनीबाट केही हात पार्न सकेन र अन्त्यमा उनलाई हिरासतबाट मुक्त गऱ्यो ।

अनि त्यसपछि मार्क्सको परिवारलाई जहाँ गयो त्यहीबाट लखेटिन थालियो । उनीहरू १८४५ मा पेरिसबाट, १८४८ मा ब्रसेल्सबाट, १८४९मा क्योलनबाट र अगस्ट १९४९मा फेरी पेरिसबाट निरन्तर लखेटिएका र धपाइएका थिए । एक पटक त जेनी गर्भवती भएको बेलामा पनि देश निकाला हुनु परेको थियो । यसरी देश निकाला हुँदै गर्दा र बसाई सर्न कैयौं पटक त उनीहरूसँग पैसा नै हुँदैन थियो । त्यस्तो अवस्थामा रहँदारहँदै पनि बाध्य हुँदा गर्भवती पत्नी र बच्चालाई समेत छोडेर मार्क्सले एक पटक त २६ अगस्टको दिन बेलायतको राजधानी लण्डन पुग्नु परेको थियो ।

वास्तवमा यसरी एकपछि अर्को देश निकाला र निर्वासनका कहिल्यै नटुङ्गिने श्रृंखलाहरू र खस्कँदो आर्थिक अवस्थाले पनि मार्क्सलाई कहिल्यै विचलित पार्न भने पटक्कै सकेन । हुन पनि सभ्यता र ज्ञानले सम्पन्न, साहित्य र कलाकी ज्ञाता जेनी मार्क्सले सन् १८७५-१८७७ मा जर्मन जनतन्त्रवादी अखवार (फ्याङ्कफर्ट जेइटुङ एण्ड ह्याण्डल्सब्लाट)मा साहित्यिक आलोचना सम्बन्धि लेखमाला प्रकाशित गरिन् । त्यसमा उनले लण्डनको थिएटर जीवनबारे प्रकाश पारेकी थिइन् । विश्व प्रसिद्ध अंग्रेज साहित्यकार शेक्सपियरका नाटकहरूमा मूख्य नायकको भूमिका प्रस्तुत गर्ने कलाकार हेनरी इरभिङ्कको उत्कृष्ट अभिनय बारे उनले लेखिन् र बृटिश बुर्जुवा दर्शकहरूको अभिरुचीको हाँसो उडाइन् । यसबीचमा जेनी मार्क्सले रुसलगायत देशहरूमा मजदुर तथा क्रान्तिकारी आन्दोलनका गतिविधिबारे निगरानी राखेकी थिइन् र त्यस आन्दोलनमा आफुले सकेसम्म ठूलो योगदान पनि पुऱ्याउने गरेकी थिइन् ।

यसरी लक्ष्यप्रति ओतप्रोत भएकी आफ्नी सत्यनिष्ठ जीवन संगीनी जेनीको संघर्षमा निःस्वार्थ सहभागिताप्रति मार्क्सले आफ्नो 'दास क्यापिटल' अर्थात् 'पुँजी'को दोस्रो र तेस्रो खण्ड समर्पित गर्ने मनशाय राखेका थिए भन्ने मार्क्सका अनन्य मित्र एङ्गेल्सका भनाई रहेको छ । हुन् त सर्वहारावर्गको मुक्ति संघर्षमा जेनी मार्क्सको योगदान बाह्य संसारको लागि विशेष छैन तर, एङ्गेल्सले उनलाई पनि 'सर्वहारावर्गको समाजवादको पुरानो योद्धा' दलमा नै गणना गरेका थिए । हुन पनि तीक्ष्ण विवेकशील मस्तिष्क, राजनैतिक विनम्रता, स्फूर्तियुक्त जोशिलो चरित्र, आफ्नो पतिश्रीको सम्पूर्ण जीवन बलिदान गरेको महान कार्यप्रति निरन्तर निष्ठा, बफादारी र आत्मत्याग, यी सबै उच्च महत्वका कुराहरूले परिपूर्ण जेनी मार्क्सबाट फेडरिक एङ्गेल्स ज्यादै प्रभावित थिए । त्यसैले त उनले जेनीलाई 'उत्कृष्ट आत्मा भएकी नारी' भन्ने संज्ञा नै दिएका थिए ।

मार्क्सकी जीवन संगिनी जेनी फोक्सोको निमोनियाको कारण लामो समयसम्म बिरामी भएर ओछ्यानबाट उठ्न नसक्ने भइन् । अर्कोतिर मार्क्सलाई पनि कलेजोको क्यान्सरले आक्रान्त पारेको थियो । डाक्टरहरूले उनको जीवन खतरामा परेको कुरा बताइसकेका थिए । यस प्रकार एकातिर अर्को कोठामा आफ्नी पत्नी मृत्यु शैयामा छटपटाएर संघर्षरत रहँदा मार्क्स पनि क्यान्सर रोगको शिकार भएर सिकिस्त थिए । सन् १८८१ को डिसेम्बर २ का दिन लण्डनमा जेनीको देहावसान भयो । तर, आफै रोगले जीर्ण भएका मार्क्स आफ्नी प्यारी जेनीको अन्त्येष्टिमा पनि सहभागी हुन सकेनन् । त्यसको दुई वर्षपछि क्यान्सरले थलिएका कार्ल मार्क्स पनि १८८३ मा यो संसारबाट बिदा भए । जेनी र मार्क्सका अभिन्न मित्र एंगेल्सले उनीहरू दुबैलाई बिदा गरे ।

## तपाईंको राशिफल

| | | |
|---|---|---|
| मेष | : | स्वास्थ्य गडबड हुने योग छ । चिन्तामा वृद्धि हुनेछ । |
| वृष | : | पारिवारिक कार्य सफल हुनेछ । प्रसन्नतामा वृद्धि हुने योग छ । |
| मिथुन | : | अचल सम्पत्तिमा वृद्धि हुनेछ । नातागोतासित भेट हुनेछ । |
| कर्कट | : | शैक्षिक कार्यमा प्रगति हुनेछ । खानपानमा सन्तुलन राख्नुहोला । |
| सिंह | : | विशेष कामले यात्रा हुनसक्छ । सबै कार्यमा सावधानी राख्नुपर्छ । |
| कन्या | : | स्वास्थ्य लाभ हुनेछ । दिदी बहिनीको राम्रो सहयोग प्राप्त हुनेछ । |
| तुला | : | शिक्षामा प्रगति हुनेछ । बाहन सावधानी राख्नुहोला । |
| वृश्चिक | : | आफ्ना इष्टमित्रहरूसँग भेटघाट हुनेछ । धैर्यतामा वृद्धि हुनेछ । |
| धनु | : | नयाँ काम बन्नेछ । बाहिरी सम्बन्ध राम्रो रहनेछ । |
| मकर | : | प्रयास सफल हुनेछ । धन आर्जन हुने योग छ । |
| कुम्भ | : | आर्थिक लाभ हुनुका साथै, व्यापारिक पक्ष पनि सुदृढ हुनेछ । |
| मीन | : | सुख सुविधामा वृद्धि हुनेछ । नयाँ सम्पर्क बन्नेछ । |



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल, फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# व्यथित काव्य सम्मानको घोषणा

**काठमाडौं/मस–** साहित्यिक पत्रकार संघले कवि ठाकुर बेलबासेलाई 'व्यथित काव्य सम्मान-२०८०' प्रदान गर्ने भएको छ । यसैगरी संघले 'व्यथित काव्य डायस्पोरा सम्मान- २०८०' कवि खेमनाथ दाहाललाई प्रदान गर्ने भएको छ ।

साहित्यकार प्रमोद प्रधानको संयोजनमा साहित्यकारहरू पद्मावती सिंह र श्रीओम श्रेष्ठ 'रोदन'सदस्य रहेको सिफारिस समितिले गरेको सिफारिसअनुसार संस्थाका अध्यक्ष राधेश्याम लेकालीको अध्यक्षतामा बसेको कार्यसमितिले उक्त निर्णय गरेको हो ।

कवि बेलबासेका सागरको वरिपरि मनहरूको समारोह (२०५८), अचानक यो साँझ (२०६६), त्रासमा ईश्वर र अन्य कविताहरू (२०६९), यतै कतै (२०७७) जस्ता कवितासंग्रह प्रकाशित छन् । ढाकावाङ, अर्घाखाँचीका कवि ठाकुर बेलबासेले विनय रावल स्मृति प्रतिभा पुरस्कार, राष्ट्रिय कविता महोत्सव पुरस्कार, नेपाल प्रज्ञा-प्रतिष्ठान (प्रथम), युवा वर्ष मोती पुरस्कार, साझा पुरस्कार, भोग्यप्रसाद शाह पत्रकारिता पुरस्कार लगायतका पुरस्कार



पाइसकेका छन् । यसैगरी लाब्री, तेह्रथुमका कवि खेमनाथ दाहालका श्वेतपत्र (महाकाव्य), रश्मि (खण्डकाव्य) तथा श्रद्धाञ्जली, योद्धा, हावर्डको चौतारीमा, म त बन्दी भएको छु जस्ता कवितासंग्रह प्रकाशित छन् ।

कवि खेमनाथ दाहाल गेरु-अम्बिका वाणी पुरस्कार, छन्दोबद्ध कृति पुरस्कार (अनेसास), साहित्य सन्ध्या नियात्रा पुरस्कार, पुष्पपराग साहित्य परममाया/कृष्णप्रसाद थपलिया सम्मान, मिलाप राष्ट्रिय विशेष व्यक्तित्व सम्मान लगायतका पुरस्कार पाइसकेका छन् । वि.स.२०३९ मा स्थापना गरिएको व्यथित काव्य पुरस्कार नेपाली साहित्य जगतका प्रतिभाशाली कविलाई साहित्यिक पत्रकार संघबाट प्रदान गर्ने गरिन्छ । यस पुरस्कारबाट यसअघि कविहरू दिनेश अधिकारी, जीवन आचार्य, घनश्याम कँडेल, मेघराज मन्जुल, उषा शेरचन, गणेश विषम, तोया गुरुङ, प्रमोद प्रधान, पूर्ण विराम, विजय बजिमय, मन्जु काँचुली, नरेन्द्रबहादुर श्रेष्ठ, कुन्ता शर्मा, बुँद राना, नवराज कार्की, विश्वविमोहन श्रेष्ठ, कृष्ण बाउसे, दुबसु क्षेत्री, महेश प्रसाई, मोहन दुवाल, कृष्ण जोशी, डा. राममान तृषित, विमल निभा, नरेश शाक्य, मधुसूदन गिरी, अनिलकुमार अनल, वसन्त श्रेष्ठ, ज्ञानेन्द्र गदाल, बाबा बस्नेत, राजेन्द्र शलभ, धीरेन्द्र प्रेमर्षि, शशी थापा, डा.दामोदर पुडासैनी, सन्ध्या पहाडी, शेखर ढुङ्गेल, उदय निरौला, श्रवण मुकारुङ, रमेश श्रेष्ठ, कुसु क्षेत्री, मोमिला जोशी र गीता कार्की सम्मानित भइसकेका छन् ।

यसैगरी 'व्यथित काव्य डायस्पोरा सम्मान'बाट कविहरू हेमन्त श्रेष्ठ (अमेरिका), गोवर्धन पूजा (अमेरिका), भीमसेन सापकोटा (अस्ट्रेलिया), प्रकाश पौडेल माइला (जापान), जगत नवोदित (बेलायत) र शकुन ज्ञवाली (अमेरिका) सम्मानित भइसकेका छन् ।


## साउदीमा रोजगारको अवसर | १. कम्पनी: NAS MANPOWER COMPANY
शहर: Saudi Arabia

पूर्व स्वीकृत मितिः २०८०/१०/०२ | चलानी नं.: ६०२१३०५९ | LT. No.: 297925 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 8 | 0 | स. काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

## मलेसियामा रोजगारको अवसर | १. कम्पनी: SANCTUARY HEALTH SDN.BHD.
शहर: MALAYSIA.PERAK

पूर्व स्वीकृत मितिः २०७९/१२/३० | चलानी नं.: ६०२००१५१ | LT. No.: 284683 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 6 | 0 | स. काममा दक्ष | 1500 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. कामका विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**NASSER INTERNATIONAL PLACEMENT SERVICES PVT. LTD.**
साबिक (Continental Manpower (Nepal) Pvt. Ltd.)
Gov. Lic No. 190/057/058
Sinamangal-09 Shambu Marga Kathmandu. Tel:+977-4578566, 4578866
Email: continentalnepal190@gmail.com web: www.continentalmanpower.com.np

## मलेसियामा रोजगार | कम्पनी: FORTUNE WORLD CAPITAL SDN BHD
शहर: Malaysia, PJ

पूर्व स्वीकृत मितिः २०८०/१२/०७ | चलानी नं.: ६०२१६९५० | LT. No.: 302155

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Resturant Crew | 9 | 0 | स. काममा दक्ष | 1500 | ४२,०१५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**क्लासिक ओभरसिज मेनपावर प्रा. लि.**
Govt.Lic. No. 357/059/060
बत्तिसपुतली-९, गौशला, काठमाडौं, नेपाल, फोन नं. ०१-४५६५७५३, फ्याक्सः ०१-४५६५७५०
Email: classicoverseas@gmail.com | Website: www.classicmanpower.com.np

## साउदीमा वैदेशिक रोजगारको अवसर
कम्पनी: QIMMA AL-RIYADAH FUEL COMPANY | शहर: Riyadh

पूर्व स्वीकृत मितिः २०८०/१२/०७ | चलानी नं.: ६०२१६९६७ | L.T. No.: 302132

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Gas Station Worker | 8 | 0 | स. काममा दक्ष | 1200 | ४२,४२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**अन्नपूर्ण इन्टरनेशनल सर्भिसेज प्रा. लि.**
पि.ओ.बक्स: ११११, सिनामंगल-९, काठमाडौं, नेपाल, (एयरपोर्ट नजिक), फोन: ०१-४५६६७३३, ०१-४५८५७३० मो: ९८५१०३०८०६
Fax No: 01-4566955, Email: cv.annapurna@gmail.com, Url: www.aisp.com.np
Right People For Right Job At The Right Time

## ओमनमा रोजगार | कम्पनी: AL MOUJ TECHNICAL SERVICES
शहर: Oman

पूर्व स्वीकृत मितिः२०८०/१२/०७ | चलानी नं.:६०२१६८७७ | L.T. No.:302015

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | OR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Male Cleaners | 11 | 0 | सम्बन्धित काममा दक्ष | 100 | ३४,४९८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Female Cleaner | 0 | 7 | | 120 | ४१,३९७ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १५ गते ( 25 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**Destiny H.R.Group Pvt. Ltd.**
Govt.Lic.No.: 1552/079/080
Sinamangal-9, Kathmandu.Tel No:5913085/5914085
Email: admdestinyhr@gmail.com, Website: www.destinyhrgroup.com.np

## बहराइनमा रोजगारको अवसर | कम्पनी: Angelo Cafe
शहर : Baharain

पूर्व स्वीकृत मितिः २०८०/०८/०५ | चलानी नं.: ६०२१०६९४ | LT. No.: 295217 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | BD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Barista | 20 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ४९२३२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Continental Cook | 5 | 0 | | 160 | ५६२६५ | | | | | | | |
| 3. | Pastry Chef | 5 | 0 | | 160 | ५६२६५ | | | | | | | |

## मलेसियामा रोजगार | कम्पनी: GOLDEN TRIANGLE SECURITY SERVICES SND BHD
शहर : SELANGOR

पूर्व स्वीकृत मितिः २०८०/०५/04 | चलानी नं.: ६०२११५६४ | LT. No.: 291340 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guards | 69 | 0 | स. काममा दक्ष | 1500 | ४२००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**EMINENCE Recruitment International Pvt Ltd**
Gov. Lic No.: 1569/079/080
Bhimsengola-31, Prayagmarg, Kathmandu
Tel: 01-4110036, 4110040, 9851164164, 9849964370 9803193977.Email: info@eminencenepal.com
Web: ww.eminencenepal.com

## UAE मा रोजगार | कम्पनी : AFAL SECURITY AND CLEANING SERVICES LLC
शहर : UAE

पुर्व स्वीकृत मितिः २०८०/०५/०८ | चलानी नं.: ६०२११९९० | LT. No.: 297017 | पुन: विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 49 | 0 | सम्बन्धित काममा दक्ष | 800 | २८,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Security Guard | 45 | 0 | | 1200 | ४३,३२० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**Empower Human Resources Management Pvt. Ltd**
Gov. Lic No. 1150/073/074
Sinamangal -9, Near by Panchakumari Temple, Kathmandu, Nepal, Tel.: 01-4588265, 01-4599445
Mobile No 9818766422 | 9819063243 | 9814048923 | 9843524997 | 9860700057
9813657032 | 9851049746 | 9806080426, 9823040845 Email: empowerhrnepal@gmail.com
Jhapa Branch : 023-535323 | Chatwan Branch : 9855016639 | Butwal Branch : 9851178901

## साउदीमा रोजगारको अवसर | कम्पनी: QASSIM HEALTHY WATER FACTORY COMPANY LIMITED
शहर: Riyadh

पुर्व स्वीकृत मितिः २०८०/१२/०७ | चलानी नं.: ६०२१६८५८ | L.T. No.: 302020

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Pickup Truck Driver | 7 | 0 | स. काममा दक्ष | 1800 | ६३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**AAYUSH OVERSEAS PVT. LTD.**
Govt.Lic.No. 1341/074/075
Sinamangal-09, Kathmandu | Tel: 01-5915290
Email: aayusoverseas1341@gmail.com | Web: www.aayushoverseas.com.np

## कुवेतमा रोजगार | कम्पनी: VEG COMPANY FOR PACKING AND PACKING FOOD
शहर: KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०३/११ | चलानी नं.:६०२०३८९१ | LT. No.: 288669 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Veg Company for Packing And Packing Food | 2 | 1 | स. काममा दक्ष | 130 | ५६,०३७ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**BAIBHAV OVERSEAS PVT. LTD.**
श्रम इजाजत नं. ३७३/०५९/०६०
आलोकनगर, तिनकुने (भि.एस. निकेतन स्कुलको छेउमा), काठमाडौं । फोन: ०१-४१०६२६४, ४१०६२६५
मोबाइल नं. ९८३३२५४८७७, ९७४५९४२०८७ Email: baibhav.ovs@gmail.com, baibhavoverseas5@gmail.com

## MALAYSIA मा वैदेशिक रोजगारको अवसर
कम्पनी: THAI SAN STONE BUILDER SDN BHD | शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०८०/१२/०७ | चलानी नं.: ६०२१६८८० | LT. No.:302026

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

२. कम्पनी: STA POLYMER SDN.BHD | शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०८०/१२/०७ | चलानी नं.: ६०२१६९५२ | LT. No.:302140

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

३. कम्पनी: LVC ECOPACK SDN BHD | शहर: MALAYSIA

पूर्व स्वीकृत मितिः २०८०/१२/०७ | चलानी नं.: ६०२१६९५३ | LT. No.:302131

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker | 5 | 0 | स. काममा दक्ष | 1500 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**BIGYAN HR MANAGEMENT PVT. LTD.**
Govt Lic No. 1503/074/075
Chandol-04, Chappalkarkhana Chowk, Kathmandu, Tel: 4522477, 4523477

## साउदीमा रोजगार | कम्पनी: URBAN MATERIALS COMPANY FOR LAND TRANSPORT
शहर: RIYADH

पूर्व स्वीकृत मितिः २०८०/१२/०६ | चलानी नं.: ६०२१६८६४ | L.T. No.:302003

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Heavy Truck Driver | 8 | 0 | स. काममा दक्ष | 1800 | ६३,६३० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

**ब्रिज स्काई ईन्टरनेशनल प्रा. लि.**
श्रम इजाजत नं. ५७३/०६२/०६३
PO Box : 24789, Dhapasi, Near Shahanshah Hotel, Kathmandu, Nepal.
नेपाल फोन नं. ४९५३३२१, ४९५४९७१ ४९५६३६१, फ्याक्स: ४४६५३९५
Email : admin@bridgeskyint.com.np Website: www.bridgeskyint.com.np

## UAE मा रोजगार | कम्पनी: GARDINIA BUILDING CONTRACTING L.L.C
शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/१२/०६ | चलानी नं.: ६०२१६८६८ | LT. No.:301773

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Helper | 250 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,३२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Mason Block | 30 | 0 | | 1200 | ४३,३२० | | | | | | | |
| 3. | Mason Plaster | 35 | 0 | | 1200 | ४३,३२० | | | | | | | |
| 4. | Scaffolder | 150 | 0 | | 1200 | ४३,३२० | | | | | | | |
| 5. | Steel Fixer | 30 | 0 | | 1200 | ४३,३२० | | | | | | | |

कम्पनी: KTC INTERNATIONAL CONTRACTING LLC | शहर: DUBAI

पूर्व स्वीकृत मितिः २०८०/१२/०६ | चलानी नं.: ६०२१६८६७ | LT. No.:301787

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Messenger | 5 | 0 | सम्बन्धित काममा दक्ष | 2800 | १,०१,०८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Road Maintenance Labour | 150 | 0 | | 900 | ३२,४९० | | | | | | | |
| 3. | Stone Mason | 20 | 0 | | 1200 | ४३,३२० | | | | | | | |

कम्पनी: INAYA PROPERTY LLC | शहर: UAE

पूर्व स्वीकृत मितिः २०८०/१२/०७ | चलानी नं.: ६०२१६८७० | LT. No.:301747

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | cleaner | 50 | 50 | स. काममा दक्ष | 1100 | ३९,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

कम्पनी: NATIONAL CATERING COMPANY LIMITED- SOLE PROPRIETORSHIP LLC | शहर: ABU DHABI

पूर्व स्वीकृत मितिः २०८०/१२/०७ | चलानी नं.: ६०२१६८६९ | LT. No.:301748

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Female Cleaner | 0 | 25 | सम्बन्धित काममा दक्ष | 800 | २८,८८० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | General Assistant | 250 | 0 | | 800 | २८,८८० | | | | | | | |
| 3. | Room Boy | 30 | 0 | | 800 | २८,८८० | | | | | | | |
| 4. | Salad Maker | 10 | 0 | | 1100 | ३९,७१० | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

**Chandra Kamana Manpower Pvt. Ltd.**
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4542876, 4538339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com

## साउदी र मलेसियामा वैदेशिक रोजगारको अवसर
कम्पनी : Al-Qaryan Group for Trade, Industry and Contracting closed joint stock | शहर: Dammam

पुर्व स्वीकृत मितिः २०८०/१२/०७ | चलानी नं.: ६०२१६८६६ | LT. No.:301988

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Miner | 14 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Heavy Truck Driver | 2 | 0 | | 1800 | ६३,६३० | | | | | | | |

कम्पनी : Multi Lines Construction Contracting Est | शहर: SAUDI

पुर्व स्वीकृत मितिः २०८०/१२/०७ | चलानी नं.: ६०२१६८७२ | LT. No.:301987

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | SR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Loading And Unloading Worker | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,३५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Accountant | 1 | 0 | | 2500 | ८८,३७५ | | | | | | | |
| 3. | Pickup Truck Driver | 1 | 0 | | 1800 | ६३,३७५ | | | | | | | |

कम्पनी : Sumi-Tech Industrial Supplies Sdn.Bhd | शहर: Selangor

पुर्व स्वीकृत मितिः २०७९/०४/१४ | चलानी नं.: ६०१८४००२ | LT. No.: 268138 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Factory Worker (Manufacturing Sec.) | 50 | 0 | स. काममा दक्ष | 1500 | ४२,००० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० चैत १५ गते (28 March 2024) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
